**वायु प्रदूषणबाट बचौं र बचाऔं**

- वायु प्रदूषणबाट श्वासप्रश्वासमा असर पर्ने भएकाले घरबाहिर निस्कँदा मास्कको प्रयोग गरौं,
- सवारीसाधनको सकेसम्म कम प्रयोग गरौं,
- रूखबिरुवा रोपौं र हरियाली बढाऔं,
- दाउरा र कोइलाको सट्टा नवीकरणीय ऊर्जाको प्रयोग गरौं,
- सडक र निर्माणस्थलबाट निस्कने धूलो व्यवस्थापन गरौं,
- श्वासप्रश्वाससम्बन्धी समस्या आएमा स्वास्थ्य परीक्षण गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक दैनिक

epratekdaily.com



निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
epratekdaily.com

❖ वर्ष ३८ ❖ २०८१ माघ १५ गते मङ्गलवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2025 January 28 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १५१

## झोलुङ्गे पुल निर्माणमा अनियमितता, काम अधूरो



तस्वीर: प्रतीक



प्रस, वीरगंज, १४ माघ/

पर्सा जिल्ला धोबिनी गाउँपालिका–१ घोडदौडाटोलानजीकको ओरिया खोलामा झोलुङ्गे पुल निर्माण कार्य शुरू गरिएको पाँच वर्ष बितिसक्दा पनि पुल निर्माण अनिश्चित बनेको छ ।

झोलुङ्गे पुल निर्माणका लागि विनियोजित रकम जनप्रतिनिधिहरूले हिनामिना गरेकाले पुल अहिलेसम्म बन्न नसकेको हो ।

यस अघिका गापाध्यक्ष सुरेशप्रसाद कुर्मीले पुल निर्माणका लागि उपभोक्ता समिति निर्माण गरेका थिए । उपभोक्ता समिति पनि आफैंसँग मिल्दोजुल्दो नाम भएको सुरेश कुर्मीको अध्यक्षतामा गठन गरेका थिए । पूर्वगापाध्यक्ष सुरेशप्रसाद कुर्मी वडा नं ४ निवासी हुन् भने उपभोक्ता समितिका अध्यक्ष सुरेश कुर्मी वडा नं १ निवासी हुन् । उनलाई आफू उपभोक्ता समितिको अध्यक्ष भएको थाहा छैन । उनै सुरेश कुर्मीको नाममा भने पूर्वगापाध्यक्ष कुर्मीले दुईपटक गरी ४४ लाख रुपैयाँ पेश्की लिएको देखिन्छ । सो रकमबाट दुईवटा पाँच फिट गोलाइका ५.४ फिट लामा दुईवटा पिलर मात्र ढालेको देखिन्छ। त्यसबाहेकको काम अहिलेसम्म अगाडि बढ्न सकेको छैन । आर्थिक वर्ष २०७५/७६ मा पुल निर्माणका लागि गापाले रु ९५ लाख ९७ हजारमा आठ महीनाभित्र निर्माण कार्य सम्पन्न गर्नेगरी उपभोक्ता समितिसँग सम्झौता गरेको देखिन्छ ।

ओरिया खोलामा पुल नहुँदा घोडदौडाका बासिन्दा वर्षात्को समयमा छिमेकी देश भारतको बाटो प्रयोग गरी औषधि उपचारका लागि वीरगंज आउने गर्छन । झोलुङ्गे पुल निर्माण नहुँदा यहाँका बासिन्दा यस्तै भोगाइ भोग्न बाध्य छन् । भारतीय गाउँ इनर्वा, खमिया, दसौता भएर नेपाली गाउँमा जाने बाध्यता गाउँलेहरूले अहिलेसम्म भोग्दै आएका छन् । पूर्वगापाध्यक्षको समयमा निर्माण गरिएको उपभोक्ता समितिको खातामा एक पैसा बाँकी छैन सबै झिकिसकिएको छ । गापाको लेखा शाखा अनुसार उपभोक्ता समितिले २०७५/७६ मा २६ लाख र २०७६/७७ मा १८ लाख गरी ४४ लाख रुपैयाँ पेश्की लिएको थियो । महालेखापरीक्षकको कार्यालयको आर्थिक वर्ष २०७७/७८ को प्रतिवेदनले सम्झौता अवधिसम्म कार्य सम्पन्न नभएकोले ब्याजसमेत जोडेर असुल गरी पेश्की बक्यौता रकम फछ्र्याेट गर्न गापालाई निर्देशन दिएको पनि चार वर्ष बितिसक्यो तर अहिलेसम्म गापा कार्यालयले यस विषयमा ध्यानै दिएको छैन ।

पहिलो पेश्की लिएको समितिले काम नै नगरी अर्को पेश्की दिने कार्य भएकोमा इन्जिनीयरको नियत पनि सफा देखिंदैन । निर्माण कार्यको प्राविधिक प्रतिवेदनविना नै पेश्की दिएको कारण इन्जिनीयरको पनि मिलेमतो देखिन्छ ।

प्रमुख प्रशासकीय अधिकृत अशोक रौनियारले झोलुङ्गे पुल निर्माणमा अनियमितता भएको बताए । तर तत्कालीन अवस्थामा त्यस गापाको प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारीमा पनि उनी नै थिए । उपभोक्ता समितिका अध्यक्ष सुरेश कुर्मीले समितिको नाममा पेश्की आफूले नबुझेको बताउँदै आएका छन् । उनले कुनै पनि भुक्तानी, खर्चमा आफ्नो सही सनाखत नरहेको र फर्जी काम गरिएको आरोप लगाए । समितिका सदस्यहरू भने तत्कालीन गापाध्यक्ष कुर्मी निकट लालबाबू भन्नेले आफूहरूसँग खाली चेकमा हस्ताक्षर गराइ रकम झिकेको बताएका छन् ।

## छाडा चौपाया नियन्त्रण गर्न नगरप्रमुखलाई ध्यानाकर्षण

प्रस, वीरगंज, १४ माघ/

वीरगंज स्कूल अफ लका विद्यार्थीहरूले वीरगंज महानगरका प्रमुख राजेशमान सिंहलाई छाडा चौपायाको व्यवस्थापन गर्न मागसहित सोमवार छाडा चौपाया नियन्त्रणको जिम्मेवारी स्थानीय तहको भएकोले यसमा गम्भीरतापूर्वक कारबाही नभएको खण्डमा कानूनी बाटो अवलम्बन गर्न बाध्य हुने चेतावनी पनि दिएका



ध्यानाकर्षणपत्र बुझाएका छन् । विद्यार्थीहरूले वीरगंजको मुख्य तथा सहायक सडकहरूमा खुलारूपमा छाडा चौपाया हिंड्दा दुर्घटनाको जोखिम बढेको भन्दै नगरप्रमुख सिंहलाई सोको व्यवस्थापन गर्न माग गरेका थिए ।

घण्टाघर, माईस्थान, गहवा, श्रीपुर, पावरहाउसलगायत महानगरका विभिन्न स्थान, गल्लीहरूमा छाडा चौपायाका कारण सवारी जाम हुने, बटुवाहरू आक्रमणको शिकार हुने गरेकाले सोको उचित व्यवस्थापनमा महानगरले कदम चाल्नुपर्ने माग गरेका थिए। विद्यार्थीहरूले थिए।

ध्यानाकर्षणपत्र बुझ्दै नगरप्रमुख सिंहले समस्याबारे अवगत गराएकोमा धन्यवाद दिंदै छाडा चौपाया व्यवस्थापन गरिने बताए । उनले छाडा चौपाया नियन्त्रणमा महानगर गम्भीर भएको र यस विषयमा अविलम्ब कदम चाल्ने बताए। वीरगंज स्कूल अफ लका नवीनराउत कुर्मी, मुकेश साह तेली, सलाउद्दीन अन्सारी, अवधेश राम, विवेक रसीद अन्सारी, अमृता साह, रतिका साह, शिवानी महतोलगायतको सहभागिता थियो ।

## वनको संरक्षण गर्नुपर्छ –सांसद मैनाली

प्रस, निजगढ, १४ माघ/

निजगढ नगरपालिका–७ स्थित जनज्योति सामुदायिक वन उपभोक्ता समूहको १४औं वार्षिक साधारणसभा सम्पन्न भएको छ। कार्यक्रममा सङ्घीय





तस्वीर: प्रतीक

सांसद अच्युत मैनालीले वन क्षेत्रको संरक्षण, संवर्द्धन गरेबापत देशभरका सबै सामुदायिक वनलाई उछिन्दै यस सामुदायिक वन समूह गणेशमान सिंह राष्ट्रिय पुरस्कारबाट नगद एक लाखसहित सम्मानित भएकोमा सराहना गरे ।

"हामी मानव प्रकृतिका पूजक हौं । प्रकृतिमा नै हाम्रो जीवन अडेको छ । त्यसैले वन क्षेत्रको संरक्षणमा हामी सबै एकजुट भएर लाग्नुपर्छ"–उनले भने ।

वन समूहले वन पैदावर बिक्री वितरण मात्र नभई गरीबी निवारणतर्फ समेत महत्त्वपूर्ण भूमिका खेल्दै आएको भन्दै समयसापेक्ष वन ऐन, कानून संशोधन गर्न वनमन्त्री र वन मन्त्रालयको ध्यानाकर्षण गराएको नेता मैनालीले बताए। प्रकृतिको सानै भएपनि जथाभावी विनाशले कालान्तरमा ठूलो प्राकृतिक विपत्ति र त्यसका असरहरू निम्तिइरहन सक्ने भन्दै पछिल्लो एक दशकयतादेखि संसारभरिको वातावरणमा आइरहेको अप्राकृतिक फेरबदल, वनजङ्गल विनाश, प्राकृतिक स्रोत–साधनको अचाक्ली दोहनकै कारण भएको बताउँदै यसतर्फ बेलैमा सचेत, सजग हुन मैनालीले आग्रह गरे ।

कार्यक्रममा नगरप्रमुख सुरथ पुरीले वनजङ्गल संरक्षण पहिलो शर्त रहेको बताउँदै त्यसका विधि, प्रक्रिया पूरा गर्दै यसको सदुपयोग गर्नुपर्ने बताए।

कार्यक्रममा फेकोफनकी केन्द्रीय सदस्य दुर्गा कोइरालाले सामुदायिक वन समूहको विकासमा आइपरेका अप्ठ्यारा समाधान गर्न आफूले खेल्नुपर्ने भूमिकाबाट कहिल्यै पछि नहट्ने बताइन् ।

जिल्ला फेकोफनका अध्यक्ष रामजी बजगाईंले वन ऐन, कानूनलाई बेलैमा सुधार गर्न नसक्दा सामुदायिक वन समूहहरूले चाहे जति उपलब्धि हासिल गर्न बाधा परिरहेको औंल्याए ।

कार्यक्रममा उपप्रमुख सोममाया थिङ, वडाध्यक्ष टेकबहादुर लामा, निजगढ सबडिभिजन वनका प्रमुख नीरज पोखरेल, निजगढ नपा वन तथा वातावरण शाखा प्रमुख अनिल कोइराला, समाजसेवी एकबहादुर श्रेष्ठ, सुदर्शन कोइराला, चन्द्रिका मगरलगायतले मन्तव्य राखेका थिए ।

वन समूहले पाँच हेक्टर क्षेत्रफलमा करीब १५ करोडको लागतमा अत्याधुनिक सुविधासहितको पार्क निर्माणका लागि डिपिआर तयार गरिसकेको जानकारी गराइएको थियो । कार्यक्रममा वार्षिक प्रगति विवरण वन समूहका अध्यक्ष खड्गबहादुर मोक्तान र आर्थिक प्रतिवेदन लेखा संयोजक हरिप्रसाद पण्डितले प्रस्तुत गरेका थिए । उपाध्यक्ष रत्नकुमारी बर्तौलाले स्वागत मन्तव्य व्यक्त गरेको कार्यक्रममा स्थानीय राजनीतिक दल, सङ्घ, संस्थाका प्रमुख तथा प्रतिनिधिहरूको सहभागिता थियो । वन समूहका अध्यक्ष खड्गबहादुर मोक्तानको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन रामकुमार सिंजालीले गरेका थिए ।

## आइपिभी खोप अभियान प्रभावकारी बनाउन अन्तर्क्रिया

प्रस, निजगढ, १४ माघ/

पाठेघरको मुखको क्यान्सरविरुद्ध यस



तस्वीर: प्रतीक

वर्षको आइपिभी खोप अभियानलाई प्रभावकारी बनाउन सोमवार अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा निजगढ नपाका प्रमुख सुरथ पुरीले यस अभियानलाई प्रभावकारी बनाउन निजगढ नगर स्वास्थ्य शाखा र स्वास्थ्यकर्मीहरूलाई आग्रह गर्दै यस अभियानमा विद्यालयहरूमा अध्ययनरत तथा विद्यालयबाहिर रहेका लक्षित उमेर समूहका छात्राहरू छुट्न नहुनेतर्फ ध्यान दिनुपर्ने बताए ।

पाठेघरको मुखको क्यान्सरविरुद्धको आइपिभी खोपलाई प्रभावकारी बनाउन सबै सरोकारवालाको सहयोग आवश्यक रहेको बताउँदै यस खोपलाई बेलैमा लगाउँदा पाठेघरको मुखको क्यान्सरबाट बचाउ हुने तर यसलाई बेवास्ता गर्दा रोग फैलिएर अकालमा ज्यान जान सक्ने निजगढ प्राथमिक स्वास्थ्य केन्द्रका चिकित्सक दीपेन्द्र यादवले जानकारी दिए।

निजगढ नगर क्षेत्रभरिका सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययरत कक्षा ६ देखि १० सम्मका छात्राहरूलाई सम्बन्धित विद्यालय र विद्यालय नजाने १० देखि १४ वर्ष उमेर समूहका किशोरीहरूलाई पनि अभियान सञ्चालनकै समयमा नजीकैको स्वास्थ्य संस्थामा आइपिभी खोप दिइने निजगढ नगर स्वास्थ्य शाखा प्रमुख रमेश लामाले जानकारी दिए ।

निजगढ नगरपालिकाले आयोजना गरेको कार्यक्रममा सरोकारवाला तथा सञ्चारकर्मीहरूको सहभागिता थियो । कार्यक्रमको सञ्चालन मणिश्वर घिमिरेले गरेका थिए ।

**विचारसार र सुक्तिहरू**

**मानिस त्यही श्रेष्ठ हो, जो नराम्रो विपत्तिमा आत्तिँदैन र राम्रो स्थितिमा मात्तिँदैन ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.eprateekdaily.com


# अध्यादेशको शासन

**लोकतान्त्रिक प्रणालीमा संसद्को प्रमुख भूमिका नीति निर्माण र सरकारलाई निगरानी गर्नु हो । संसद्मार्फत कानून बनाउने प्रक्रिया नै लोकतन्त्रको स्थायित्व र सुदृढताको आधार हो । तर नेपालमा अध्यादेशमार्फत शासन चलाउने अभ्यास राजनीतिक दलहरूको सामान्य प्रचलनजस्तो बनेको छ । संसद रहँदारहँदै सरकारले अध्यादेशमार्फत शासन चलाउनु संविधानको भावनाविपरीत देखिन्छ । संविधानले निश्चित परिस्थिति र बाध्यात्मक अवस्थाका लागि मात्र अध्यादेशको व्यवस्था गरेको छ । तर विगतका सरकारहरूबाट शुरू गरिएको अभ्यासले यो संवैधानिक व्यवस्था राजनीतिक स्वार्थपूर्तिको औजारका रूपमा प्रयोग भइरहेको छ । वर्तमान सरकारले पनि यही प्रवृत्तिलाई निरन्तरता दिँदै छ । नेपालको संविधान, २०७२ को धारा ११४ मा अध्यादेशको व्यवस्था गरिएको छ । यसमा सरकारले संसद् नभएको अवस्थामा तत्काल आवश्यक परेका विषयमा कानून बनाउन अध्यादेश जारी गर्न सक्ने प्रावधान छ । यो व्यवस्था विशेष परिस्थिति वा आपत्कालीन अवस्थाका लागि हो, सामान्य प्रशासनिक कामकाज चलाउनका लागि होइन ।**

**विडम्बना, नेपालका सरकारहरूले संसद् अवरोधको बेला वा आफ्नो बहुमत नहुँदा अध्यादेशमार्फत शासन गर्ने अभ्यास गर्दै आएका छन् । नेपालको इतिहासमा धेरै सरकारले अध्यादेशलाई आफ्नो स्वार्थपूर्तिका लागि प्रयोग गरेका छन् । चाहे त्यो २०७२ पछि गठन भएका सरकारहरू हुन् वा यस अघि बहुदलकाल या पञ्चायतीकालका शासकहरूले अध्यादेशलाई प्रायः आफ्नो पक्ष बलियो बनाउने औजारका रूपमा प्रयोग गर्दै आएका छन् । सत्ता सञ्चालनमा सहजता र तत्कालका समस्यालाई समाधान गर्ने बहानामा अध्यादेशको दुरुपयोग हुनुले लोकतन्त्रलाई कमजोर बनाउँछ । हालैको सरकारबाट पनि अध्यादेश आएकोमा त्यसको विरोध भइरहेको छ । अध्यादेशमार्फत कानून बनाइनुले संसद्प्रतिको उत्तरदायित्वबाट सरकार पन्छिने चाल जस्तो देखिएको छ । वर्तमान सरकारले नियमितरूपमा सदन चलाएर संसद्बाटै पारित गर्न सकिने थियो । सदनमा सत्तारूढ गठबन्धनको झन्डै दुईतिहाई सीट छ । तर त्यसो नगरी हामी जे पनि गर्न सक्छौं भनेर संसद्को अवमूल्यन गरेजस्तो देखियो ।**

**नेपालका राजनीतिक दलहरूको अध्यादेशप्रतिको व्यवहार दोहोरो पाइन्छ । सत्तामा हुँदा अध्यादेश जारी गर्ने, तर प्रतिपक्षमा पुगेपछि अध्यादेशको विरोध गर्ने प्रवृत्ति छ । यसले दलहरू संविधानभन्दा पनि आफ्नो स्वार्थप्रति बढी वफादार छन् भन्ने प्रस्ट हुन्छ । यस्तो प्रवृत्तिले संसद्प्रतिको विश्वासलाई कमजोर पार्छ र लोकतान्त्रिक मूल्य–मान्यताप्रति चुनौती खडा गर्छ । सरकारको दायित्व संसद्मार्फत नीति निर्माण गर्नु हो । अध्यादेशको प्रयोगले संसद्लाई उपेक्षित बनाउँछ । अध्यादेशले नागरिकको सहभागितालाई सीमित गर्दै सरकारको मनोमानीलाई प्रोत्साहन गर्न सक्छ । अध्यादेशमार्फत भएका निर्णयले दीर्घकालीन स्थायित्व दिन नसक्ने र विवाद निम्त्याउने सम्भावना रहन्छ । अध्यादेश दुरुपयोग न्यूनीकरण जरुरी छ । यसको लागि संविधानमा अध्यादेशको प्रयोगका सीमा र मापदण्डलाई अझ स्पष्ट बनाइनुपर्छ । दलहरूले सत्ता र प्रतिपक्ष दुवै अवस्थामा अध्यादेशप्रति समान दृष्टिकोण अपनाउने नैतिकता देखाउन सक्नुपर्छ । अध्यादेशको संवैधानिक वैधतामाथि न्यायालयले पनि स्पष्ट निर्णय दिन सक्नुपर्छ ।**

# रवि लामिछाने – एक नयाँ क्रान्तिको बिगुल

स्वतन्त्र विचार



राजेन्द्रप्रसाद कोइराला PhD
rajendrakoirala20@gmail.com

**सरकारका कतिपय निर्णयहरू र भ्रष्टाचारका मुद्दामा उनले आलोचना गरेकाले सत्ताधारीहरूले उनलाई राजनीतिक प्रतिद्वन्द्वीको रूपमा हेर्न थाले । यस्तो अवस्थामा सरकारबाट उनीमाथि निगरानी र कारबाई हुनु अनौठो होइन ।**

रवि लामिछानेमाथि सरकारको निशाना किन ? राजनीतिक प्रतिशोधको शिकार ?

रवि लामिछाने, जो नेपाली राजनीतिमा एक शक्तिशाली र लोकप्रिय नेता तथा पत्रकारको रूपमा उदाएका छन्, हालका दिनमा लगातार विवाद र सरकारी कारबाईको शिकार भइरहेका छन्। यो अवस्था कतिपयलाई सरकारको प्रतिशोधको रूपमा देखिएको छ । यो विषयलाई प्रस्ट्याउनका लागि केही कारण र सम्भावित तथ्यहरूलाई विचार गर्न आवश्यक छ ।

**रविको लोकप्रियता र प्रभाव**

रवि लामिछानेले पत्रकारिताको माध्यमबाट ठूलो जनसमर्थन आर्जन गरेका थिए। उनले सामाजिक न्याय र जनताका समस्यालाई मुखररूपमा उठाउँदै आएका थिए । जब उनले राजनीतिमा प्रवेश गरे, यो प्रभाव अझ व्यापक बन्यो । उनका क्रियाकलापले स्थापित राजनीतिक दलहरूलाई चुनौती दिएको महसूस भयो ।

सरकारका कतिपय निर्णयहरू र भ्रष्टाचारका मुद्दामा उनले आलोचना गरेकाले सत्ताधारीहरूले उनलाई राजनीतिक प्रतिद्वन्द्वीको रूपमा हेर्न थाले। यस्तो अवस्थामा सरकारबाट उनीमाथि निगरानी र कारबाई हुनु अनौठो होइन।

**नागरिकता विवाद**

रवि लामिछानेमाथि सबैभन्दा चर्चित मुद्दा नागरिकता विवाद हो। अमेरिकामा नागरिकता लिएको र त्यसपछि नेपालको नागरिकता पुनः प्राप्त गर्ने प्रक्रियामा कानूनी झमेला परेको थियो । यो मुद्दा न्यायिक हो, तर यसलाई राजनीतीकरण गरेर उनको छविमा आघात पुऱ्याउन खोजिएको हो भन्ने आरोप पनि लाग्दै आएको छ ।

**सत्ताधारी दलहरूको रणनीति**

रवि लामिछानेको पार्टी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) छोटो समयमै ठूलो प्रभाव पार्न सफल भएको छ। यो स्थापित दलहरूको लागि चुनौती बनेको छ। विशेषगरी रविको प्रत्यक्ष, स्पष्ट र आक्रामक शैलीले सत्ताधारी दलहरूको नीतिहरूलाई उजागर गर्दै आएको छ। यस्तो अवस्थामा राजनीतिकरूपमा कमजोर बनाउन उनलाई मुद्दामा तान्ने, छवि बिगार्ने र सार्वजनिक धारणा परिवर्तन गर्ने रणनीति अपनाइएको देखिन्छ ।

**सञ्चारमाध्यमको प्रभाव**

रवि लामिछाने स्वयम् सञ्चारजगत्का व्यक्ति भएकाले उनको गतिविधि सहजै चर्चामा आउँछ। सत्तामा रहेका कतिपय नेताहरूलाई उनको यो पहुँच र प्रभावले असहज बनाएको हुन सक्छ ।

**राजनीतिक प्रतिशोध ?**

रवि लामिछानेमाथि भइरहेका मुद्दा र कारबाईलाई धेरैले प्रतिशोधको रूपमा हेरेका छन् । सरकारको तर्फबाट भइरहेको यो आक्रमणले दुईवटा प्रमुख सङ्केत दिन्छ:

**राजनीतिक चुनौतीको दमन:** सत्ताधारीहरूलाई रवि लामिछानेजस्ता व्यक्तिले सत्ता खोस्न सक्छन् भन्ने डर।

**सत्ताको दुरुपयोग:** कानूनी प्रक्रिया र राज्य संयन्त्रको प्रयोग गरेर विपक्षीलाई कमजोर बनाउने प्रयास।

**समाप्ति:** लोकतन्त्रमा असहमतिको सम्मान आवश्यक

लोकतन्त्रमा आलोचना र असहमति हुनु स्वाभाविक हो । तर यदि कुनै राजनीतिक व्यक्तिमाथि मुद्दा चलाउँदा कानूनको नाममा व्यक्तिगत वा दलगत स्वार्थ लुकेको छ भने यो लोकतान्त्रिक मूल्यका लागि खतरा हो। रवि लामिछानेमाथि भइरहेका कारबाईले सरकारको प्रतिशोधजन्य व्यवहारलाई प्रस्ट पार्छ। कानूनी प्रक्रियालाई इमानदारीपूर्वक पालना गरिएको हो भन्ने विषय गम्भीर छलफलको विषय बनेको छ।

जनताले यस्ता घटनालाई सूक्ष्मरूपमा हेर्नु जरुरी छ । यदि यो राजनीतिक प्रतिशोध हो भने यसले दीर्घकालमा लोकतन्त्रलाई कमजोर बनाउनेछ ।

**रवि लामिछानेको उदय र चुनौतीपूर्ण भूमिका**

रवि लामिछानेले पत्रकारिताको माध्यमबाट नेपाली जनताको मर्म र पीडालाई उजागर गरे। उनी भ्रष्टाचार, अन्याय र प्रशासनिक कमजोरीका विषयमा स्पष्टरूपमा बोल्न सक्ने व्यक्तित्वका रूपमा चिनिए। 'सीधा कुरा जनतासँग' जस्तो कार्यक्रमले उनी जनताको आवाज बने ।

राजनीतिमा प्रवेश गरेपछि पनि उनले स्थापित दलहरूको राजनीतिक शैली र नीतिलाई चुनौती दिन थाले। उनको दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) छोटो समयमा नै लोकप्रिय बन्दै गयो। उनीमाथि भइरहेका आरोप र कारबाईहरू यसै लोकप्रियताबाट त्रसित शक्तिहरूको नियोजित रणनीति हुन् भन्ने बुझ्न कठिन छैन ।

**सरकारको रवैया र विवादास्पद मुद्दाहरू**

**नागरिकता विवाद**

रवि लामिछानेमाथि अमेरिकाको नागरिकता त्यागेपछि पुनः नेपाली नागरिकता लिने प्रक्रियामा त्रुटि भएको आरोप लगाइयो। यो मुद्दा सामान्य कानूनी प्रक्रियाबाट समाधान हुन सक्थ्यो, तर यसलाई विवादको रूप दिइयो। यो मुद्दालाई लिएर लामिछानेमाथि मीडिया ट्रायल भयो।

राजनीतिक व्यक्तित्वका रूपमा उनलाई कमजोर बनाउने प्रयास देखियो।

**शक्ति र प्रभावप्रति डर**

रवि लामिछानेको बढ्दो जनसमर्थन सत्ताधारी दलहरूको लागि ठूलो चुनौती बनिरहेको छ । रास्वपा संसद्मा प्रभावशालीरूपमा उपस्थित भएको छ।

रविको 'भ्रष्टाचारमुक्त नेपाल'को नाराले पुराना दलहरूको छवि झन् कमजोर बनाएको छ। यस्तो स्थितिमा उनको छवि बिगार्न र जनसमर्थन घटाउन उनीमाथि निरन्तर कानूनी र राजनीतिक दबाब सिर्जना गरिएको देखिन्छ ।

**मुद्दा र कारबाईहरूको समय समायोजन**

लामिछानेमाथि लगाइएका मुद्दाहरू र ती मुद्दाहरू उठ्ने समयलाई नियाल्दा यो स्पष्ट हुन्छ कि प्रमुख राजनीतिक घटनाक्रमको बेला उनलाई विवादमा तान्ने प्रयास भएको छ। कुनै ठोस प्रमाण नहुँदा पनि उनीमाथि अनुसन्धान र कारबाईलाई बलियो बनाउने प्रयास भइरहेको छ ।

**राजनीतिक प्रतिशोधका सम्भावित कारणहरू**

**स्थापित दलहरूको डर**

रास्वपाले पुराना राजनीतिक दलहरूलाई प्रत्यक्ष चुनौती दिइरहेको छ। लामिछानेको नेतृत्वले वैकल्पिक राजनीतिका लागि आशा पैदा गरेको छ।

परम्परागत दलहरू आफ्ना समर्थक गुमाउने डरले लामिछानेमाथि आक्रमण गरिरहेका छन् । लामिछानेको स्पष्ट र जनमुखी शैलीले परम्परागत नेताहरूको भूमिकामाथि प्रश्न उठाएको छ ।

**सञ्चारमाध्यमको प्रयोग**

रवि लामिछाने सञ्चारजगत्का एक प्रभावशाली व्यक्ति हुन्। उनको पहुँच र प्रभावले सरकारलाई असहज बनाएको छ । उनका वक्तव्य र अभियानले सरकारलाई दबाबमा पारेको छ ।

सरकार र उनका विपक्षीहरूले मीडियामार्फत नै उनलाई बदनाम गर्न खोजेको देखिन्छ ।

**भ्रष्टाचार र राजनीतिक अस्थिरताको विरोध**

रवि लामिछानेले भ्रष्टाचारविरुद्ध कडा आवाज उठाएका छन्। यसले धेरै सत्ताधारी व्यक्तिहरूको स्वार्थलाई असर पुऱ्याएको छ । उनले सत्ता र शक्ति दुरुपयोगको खुलेर आलोचना गरेका छन्।

यस्तो अवस्थामा उनलाई बदनाम गर्न र उनको अभियान कमजोर बनाउन राज्य संयन्त्र प्रयोग भएको छ ।

**सरकारको दृष्टिकोण र रवि लामिछानेको पक्ष**

सरकारले कानूनी प्रक्रियाको पालना गरिरहेको दाबी गर्छ। उनीमाथि लागेको आरोप कानूनी प्रकृतिको हो र त्यसमा हस्तक्षेप नगरेको बताउँछ ।

**लामिछानेको बचाव**

लामिछानेले आफूमाथि भएका सबै आरोपलाई अस्वीकार गर्दै आएका छन्।

उनले बारम्बार आफू निर्दोष रहेको र जनतामाझ सही कुरा ल्याउन प्रतिबद्ध रहेको बताएका छन् ।

उनको तर्क छ कि यी सबै राजनीतिक प्रतिशोधका हिस्सा हुन् । यसले लोकतन्त्रलाई कस्तो प्रभाव पार्छ ?

**जनताको विश्वास गुम्ने खतरा**

यदि राजनीतिक प्रतिशोधका कारण व्यक्तिलाई निशाना बनाइन्छ भने यो लोकतन्त्रको मूलभूत सिद्धान्तमाथि प्रहार हो।

जनताले राज्य संयन्त्र र न्यायपालिकाप्रति विश्वास गुमाउन सक्छ।

यस्तो प्रवृत्तिले राजनीतिक अस्थिरता निम्त्याउन सक्छ ।

**वैकल्पिक नेतृत्वमाथि खतरा**

रवि लामिछानेजस्ता नेताहरू वैकल्पिक नेतृत्वका प्रतीक हुन्। उनीमाथिको आक्रमणले नयाँ पुस्ताको राजनीतिमा रुचि घटाउन सक्छ ।

**सत्ताको दुरुपयोगको सङ्केत**

राजनीतिकरूपमा असहमति जनाउने वा चुनौती दिने व्यक्तिहरूलाई दमन गर्नु लोकतन्त्रमा स्वीकार्य हुँदैन ।

**समाप्ति: सत्यको जीत आवश्यक छ**

रवि लामिछानेमाथि भइरहेका आक्रमणले लोकतन्त्रको शक्ति र सुदृढतालाई चुनौती दिएको छ । यदि यो सबै राजनीतिक प्रतिशोध हो भने, यो नेपालजस्तो लोकतान्त्रिक मुलुकको लागि घातक हो।

जनताले यस्ता घटनाक्रमलाई सूक्ष्मरूपमा विश्लेषण गर्नुपर्छ। न्यायालय र राज्य संस्थाहरूले स्वतन्त्रता र निष्पक्षता कायम राख्नुपर्छ।

रवि लामिछानेमाथि गरिएको व्यवहारले केवल उनलाई होइन, सम्पूर्ण नेपाली जनतालाई प्रभावित गर्न सक्छ। यो मुद्दा केवल एउटा व्यक्तिको होइन, यो देशको राजनीतिक संस्कार र लोकतान्त्रिक प्रणालीको परीक्षण हो ।

**रवि लामिछानेबाट पुराना राजनीतिक दलहरूलाई के के खतरा छ ?**

रवि लामिछानेको उदयले नेपालको राजनीतिक परिदृश्यमा नयाँ आयाम ल्याएको छ । उनले पुराना राजनीतिक दलहरूको जरा गाडिएको सत्ता संरचनालाई चुनौती दिएका छन्। उनका गतिविधि र जनतामाझको लोकप्रियताले पुराना दलहरूलाई विभिन्न किसिमका चुनौतीहरू प्रस्तुत गरेका छन् ।

**युवाहरूको समर्थन गुम्ने डर**

रवि लामिछाने विशेषगरी युवाहरूका लागि प्रेरणाको स्रोत बनेका छन् ।

**पुराना दलप्रति निराशा:** परम्परागत दलहरूले युवाहरूको आशा पूरा गर्न नसकेको अवस्थामा लामिछानेले नयाँ विकल्पको रूपमा आफूलाई प्रस्तुत गरेका छन् ।

**डिजिटल प्लेटफर्मको प्रयोग:** सामाजिक सञ्जाल र मीडियाको प्रभावकारी प्रयोगले युवाहरूलाई लामिछानेतिर आकर्षित गरिरहेको छ ।

**वैकल्पिक राजनीति:** पारदर्शिता, जवाफदेहिता र भ्रष्टाचारमुक्त नेपालको नाराले युवाहरूको मन जितेको छ ।

**परम्परागत मतदाताको खस्कँदो भरोसा**

पुराना दलहरू जातीय, क्षेत्रीय र वर्गीय आधारमा आफ्ना मतदाताहरूलाई जोड्ने गर्थे । रवि लामिछानेको उदयले यो परिपाटीलाई तोड्न खोजेको छ ।

**राष्ट्रिय एजेन्डा:** जातीय र क्षेत्रीय सीमाभन्दा माथि उठेर उनले साझा मुद्दाहरू उठाएका छन् ।

**शहरी र अर्धशहरी प्रभाव:** पुराना दलहरूले उपेक्षा गरेका क्षेत्रहरूमा लामिछानेको लोकप्रियता बढिरहेको छ।

**भ्रष्टाचार र कुशासनको पर्दाफास**

रवि लामिछानेले पुराना दलहरूको भ्रष्टाचार र कुशासनलाई बारम्बार उजागर गरेका छन् ।

**जनताको नजरमा दलहरू कमजोर:** उनले दलहरूको असफलता र अनियमिततामाथि कडा आलोचना गरेकाले पुराना दलहरूको छवि बिग्रिएको छ ।

**पारदर्शिताको माग:** लामिछानेको भ्रष्टाचारविरोधी अभियानले पुराना दलहरूलाई सार्वजनिकरूपमा जवाफदेही बनाएको छ ।

**नेतृत्वको वैकल्पिक मोडल**

पुराना दलहरूमा नेतृत्व ज्येष्ठता, वंश परम्परा र आन्तरिक गुटबन्दीमा आधारित छ। रवि लामिछानेले यसलाई चुनौती दिएका छन् ।

**योग्यता र क्षमता:** उनले योग्यता र जनताको समर्थनको आधारमा नेतृत्व गर्न सकिने देखाएका छन् ।

**प्रत्यक्ष सम्पर्क:** मीडिया र सार्वजनिक मञ्चमार्फत जनतासँग प्रत्यक्ष सम्पर्क गर्ने उनको शैलीले पुराना दलहरूको जटिल संरचनालाई अप्रसाङ्गिक बनाइरहेको छ ।

**छिटो निर्णय र अनुकूलता**

पुराना दलहरूको संरचना ढिलो र जटिल छ, तर रवि लामिछानेको पार्टी द्रुत गतिमा जनताको माग अनुसार चल्न सक्षम छ ।

**शीघ्र निर्णय:** जनताको आवश्यकतालाई तत्काल सम्बोधन गर्ने क्षमताले पुराना दलहरूलाई असहज बनाएको छ ।

**मीडिया रणनीति:** लामिछानेको पत्रकारिताबाट आएको अनुभवले जनमत निर्माणमा उनलाई कुशल बनाएको छ।

**जवाफदेहिता र जनसरोकारका मुद्दा**

पुराना दलहरू प्रायः जनतासँग टाढिएका देखिन्छन् । लामिछानेले यो खाडललाई भरिरहेका छन् ।

**प्रत्यक्ष संवाद:** नियमितरूपमा जनतासँग संवाद गर्दै उनले उनीहरूको मर्मलाई सम्बोधन गरिरहेका छन् ।

**काममा आधारित राजनीति:** नतीजा दिनुपर्ने दबाब पुराना दलहरूमाथि बढिरहेको छ ।

**वंशवादी राजनीति खतरामा**

पुराना दलहरूको नेतृत्व वंशवादमा आधारित छ । लामिछानेको उदयले यसलाई चुनौती दिएको छ ।

**वंशवादविरोधी भावना:** जनता, विशेषगरी युवा पुस्ता, वंशवादी नेताहरूको विकल्प खोजिरहेका छन् ।

योग्य नेतृत्वको खोजी: लामिछानेले पारदर्शिता र योग्यता आधारित नेतृत्वको आवश्यकता देखाएका छन्।

**अन्तर्राष्ट्रिय छवि र समर्थन**

रवि लामिछानेको उदयले नेपालको राजनीतिक परिदृश्यमा अन्तर्राष्ट्रिय ध्यान पनि तानिरहेको छ ।

**वैश्विक मान्यता:** सुशासन र भ्रष्टाचारविरोधी एजेन्डाले अन्तर्राष्ट्रिय विकास साझेदारहरूको ध्यान आकर्षित गरेको छ ।

**राजनीतिक दबाब:** पुराना दलहरूलाई सुधार गर्नुपर्ने दबाब थपिएको छ। पुराना दलहरू गठबन्धन र कोलिजनको भरमा सत्ता सञ्चालन गर्छन्। लामिछानेको स्वतन्त्र राजनीति यो परिपाटीलाई तोड्न उन्मुख छ ।

**गठबन्धन भत्काउने शक्ति:** लामिछानेको लोकप्रियताले दलहरूको परम्परागत समीकरणलाई कमजोर बनाएको छ ।

**आफ्नो एजेन्डामा अडिग:** रविको स्वतन्त्र शैलीले पुराना दलहरूको प्रभावलाई कम गरिरहेको छ ।

**पुरानो राजनीतिक शैलीप्रति असन्तुष्टि**

रवि लामिछाने पुराना दलहरूको असफलता र परम्परागत शैलीलाई निरन्तर चुनौती दिइरहेका छन् ।

**वैकल्पिक आवाज:** लामिछानेको उदयले जनतालाई पुराना दलहरूबाहेक अन्य विकल्प पनि सम्भव छ भन्ने विश्वास दिलाएको छ।

**जनतामा नयाँ राजनीतिक चेतना:** पुराना दलहरूको कार्यशैलीप्रति निराश जनतालाई लामिछानेले राजनीतिक चेतना र नयाँ आशा प्रदान गरेका छन् ।

रवि लामिछानेको उदयले पुराना दलहरूको अस्तित्व र राजनीतिक हैसियतमा गम्भीर खतरा सिर्जना गरेको छ। युवाप्रति आकर्षण, भ्रष्टाचारविरोधी अभियान र वैकल्पिक नेतृत्वको प्रस्तावनाले पुराना दलहरूको जरा हल्लाएको छ। अन्त्यमा, रवि बाघ हो, अविचलित क्रान्तिको प्रणेता हो । अब हिजोका दलहरूका झोलेहरूले आफ्नो दिन गन्ती गर्न थाले हुन्छ ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४४८

# निजी हात्तीः पहिले रहर अहिले कहर, व्यवसायी मारमा

चितवन, १४ माघ/रासस

सौराहाको होटल भिष्टा चितवनका दुई हात्ती अहिले बाघमारा वनमा राखिएका छन्। बढ्दो चीसोमा ती हात्ती खुला आकाशमुनि बाँधिएका छन् ।

निजी हात्तीका कारण जङ्गली हात्ती बस्तीमा आएको भन्दै ती हात्तीलाई वन क्षेत्रमा राखिएको हो । होटलमा हात्ती राख्नका लागि छानो हालिएको भएपनि अहिले राखिएका ठाउँमा त्यो सुविधा छैन। होटल भिष्टा चितवनका सञ्चालक रमेश सिलवाल शीतलहरमा खुला आकाशमुनि हात्ती राख्नुपर्दा बिरामी हुने चिन्ता बढेको बताउँछन् । उनले भने, “पहिले पहिले हात्ती पाल्न रहर हुन्थ्यो, अहिले कहर भएको छ ।” उनले थपे, “पालिएका हात्ती न आफ्नै हात्ती सारमा राख्न पाइएको छ, न बिक्री गर्न पाइन्छ, न कतै पठाउन सकिन्छ ।” पशु अधिकार भन्दै पर्यटकलाई घुमाउँदा समेत आरोप खेप्नुपरेको उनको गुनासो छ ।

एउटा हात्तीलाई दुईजना माउते आवश्यक पर्छ । यसका अतिरिक्त हात्तीलाई धान, पराल, भेली, चना, हरियो घाँस आदि जुटाएर पाल्नुपर्दा एक महीनामा रु एक लाखभन्दा बढी खर्च हुने उनले जानकारी दिए। यो मौसममा जङ्गली भाले हात्ती बस्ती पस्न थालेपछि स्थानीयले एकीकृतरूपमा हात्ती पाल्न दबाब दिँदै आएका छन्। जङ्गली हात्तीले होटल तथा व्यक्तिका घरमा पालिएका पोथी हात्ती खोज्दै बस्ती पस्ने गरेको स्थानीयको भनाइ छ । केही महीना अघिदेखि जङ्गली हात्ती ‘मकुना’ बस्ती



छिर्दै आएको छ। पछिल्ला दिनमा निजी हात्ती सञ्चालकहरूमा आफूले पालेका हात्ती कसरी व्यवस्थित गर्ने भन्ने चिन्ता बढेको छ । चितवन राष्ट्रिय निकुञ्ज स्थापना भएसँगै निकुञ्ज आसपासका क्षेत्रमा हात्ती पाल्न थालिएका हुन् ।

क्षेत्रीय होटल सङ्घ सौराहाका पूर्वअध्यक्ष दीपक भट्टराई एकीकृतरूपमा हात्ती पाल्नका लागि सरकारी तवरबाट सहयोग हुनुपर्ने बताउँछन् । यो समस्या अहिलेको मात्र नभएर विगतका वर्षहरूदेखि झेल्दै आएको उनको भनाइ छ । पूर्वअध्यक्ष भट्टराईका अनुसार हात्तीको दैनिक आहार खर्च अत्यधिक बढेको, निकुञ्ज आउने पर्यटकको सङ्ख्या घटेको, पशु अधिकारका नाममा हात्ती चढ्नु अपराध हो भन्ने भाष्य सिर्जना गरिएको र जङ्गली हात्तीको आतङ्कका कारण आवश्यक स्याहारसुसारसहित घर कम्पाउन्डमा पाल्न नपाउने भएकाले हात्तीपालकहरूले अहिले अप्ठ्यारो अवस्था झेलिरहनुपरेको छ ।

‘जीप सफारी’सहित हात्ती चढी दुर्लभ एकसिङ्गे गैंडा, बाघ, चराचुरुङ्गीलगायत अनेकौं जीवजन्तु हेरी रमाउने पर्यटकका कारण चितवन राष्ट्रिय निकुञ्ज स्वदेशी तथा विदेशी पर्यटकको आकर्षणको केन्द्र बनेको बताउँछन्, क्षेत्रीय होटल सङ्घका अध्यक्ष गङ्गा गिरी ।

यसैगरी, स्थानीय पर्यटन तथा होटल व्यवसायी सिलवालका अनुसार हात्तीपालनमा संलग्न व्यवसायीलाई सहयोगसहित कुनै पनि किसिमको सहुलियत नदिने हो भने यो व्यवसायबाट सबै विस्थापित हुने र त्यसको नकारात्मक प्रभाव निकुञ्ज केन्द्रित होटल व्यवसाय, रोजगार र राजस्वमा असर पर्ने भएकाले समयमैं सम्बन्धित पक्षको ध्यान जान आवश्यक छ ।

स्वदेश तथा विदेशमा समेत कहलिएको यो निकुञ्ज २०३० सालमा स्थापना भएको हो । शुरुका केही वर्ष निकुञ्जका हात्तीले पर्यटक घुमाउने गरेकामा पछिल्ला वर्षहरूमा क्रमशः निजी क्षेत्रबाट पालिएका हात्तीलाई पनि भित्र्याइएको छ । कोभिडको महामारी अघिसम्म एउटा हात्तीको मूल्य भारतीय रु ८० लाखसम्म पर्ने गरेको व्यावसायीहरू बताउँछन् ।

युनाइटेड हात्ती सञ्चालन सहकारी संस्थाका अध्यक्ष दीपेन्द्र खतिवडाले हात्तीको दैनिक खर्च अत्यधिक हुने गरेको, विशेषगरी विदेशी पर्यटक हात्ती चढ्न छाडेको र यस अघिजस्तो आफ्नो घर कम्पाउन्डमा पाल्न नपाउने अवस्था सिर्जना भएकाले हात्तीपालक व्यवसायी मारमा परेको बताउँछन्। पर्यटकीयस्थल सौराहा आउने पर्यटकको सङ्ख्या कम हुन थालेपछि क्रमशः घट्दै एक सयबाट अहिले यहाँ ४५ वटा मात्र निजी हात्ती रहेको अध्यक्ष खतिवडाले जानकारी दिए। तीमध्ये ३० वटा युनाइटेड हात्ती सञ्चालन सहकारी संस्था अन्तर्गत रहेका छन् । अध्यक्ष खतिवडाले भने, “निजी जग्गामा राख्दा वरिपरि घर हुन्छ । सामुदायिक वा मध्यवर्ती वन क्षेत्रका खाली ठाउँ पाए हामी एकीकृत गरेर हात्ती राख्न तयार छौं ।” सधैंका लागि एकीकृत ढङ्गबाट हात्ती राख्ने ठाउँको व्यवस्था भए आवश्यक संरचना व्यवसायी आफैंले बनाउने उनले बताए । हात्ती व्यक्तिको भएपनि कानूनका हिसाबले हात्ती सरकारी सरह नै हुने गर्छ। हात्तीको किनबेच, ओसारपोसार, मरेपछिको व्यवस्थापनलगायतका काममा सरकारको प्रत्यक्ष निगरानी हुने व्यवस्था छ ।

क्षेत्रीय होटल सङ्घका अध्यक्ष गिरी निजी हात्ती आफ्नो जमीनमा नराख भन्न नसकिने उल्लेख गर्दै एकीकृतस्थल व्यवस्थापनका पक्षमा पहल भइरहेको बताउँछन् । उनले भने, “बाघमारा र चित्रसेन वन क्षेत्रभित्र हात्ती राख्नका लागि ठाउँ छुट्याइ दिन सकियो भने अहिलेको समस्या समाधान हुन्छ ।” सफारी पर्यटनमा हात्तीको भूमिका महत्त्वपूर्ण छ । यहाँ आउने पर्यटकले हात्ती चढेर तिनै दुई वन क्षेत्रभित्र घुम्ने गर्छन्।

चितवन राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत डा गणेश पन्त निजी हात्ती व्यवस्थापनको विषयमा छलफल भइरहेको बताउँछन्। एकीकृतरूपमा हात्ती राख्न सकेमा अहिले देखिएको समस्या केही हदसम्म कमी आउने उनको भनाइ छ। डा पन्तले सरकारी जमीनमा निजी हात्ती राख्नका लागि नीतिगतरूपमा कानूनी व्यवस्था हुनुपर्ने भएकाले सम्बद्ध क्षेत्रका व्यवसायीको मागबमोजिम समस्या समाधान गरिने प्रतिबद्धता व्यक्त गरे ।

# भन्सार छलीको सामान बरामद



तस्वीरः सौजन्य

प्रस, परवानीपुर, १४ माघ/

सशस्त्र प्रहरीले सोमवार वीरगंज–१० आदर्शनगरबाट ५१ लाख बराबरको भन्सार छलीका कपडा, हार्डवेयरका सामान नियन्त्रणमा लिएको छ ।

सूचनाको आधारमा वीरगंज भन्सार कार्यालयसँगको सहकार्यमा प्रस्तावित सीमा सुरक्षा गुल्म वीरगंजको टोलीले आदर्शनगरस्थित गोदाममा छापा मारेको र त्यहाँ रहका कपडा, हार्डवेयरका सामानहरू भन्सार छली राखिएको पुष्टि भएपछि नियन्त्रणमा लिएको सशस्त्र प्रहरीका प्रवक्ता एवं सशस्त्र प्रहरी नायब उपरीक्षक नरेन्द्रसिंह धामीले बताए । उनले बरामद कपडा र हार्डवेयर सामानको मूल्य ५० लाख ९३ हजार रहेको र सामानलाई आवश्यक कारबाईको लागि वीरगंज भन्सार चलान गरिएको बताए।

# रेडक्रसको कार्यशाला



तस्वीरः सौजन्य

प्रस, वीरगंज, १४ माघ/

नेपाल रेडक्रस सोसाइटी, पर्सा शाखामा सोमवार सामुदायिक संलग्नता तथा जवाफदेहितासम्बन्धी कार्यशाला गोष्ठी सम्पन्न भएको छ ।

रेडक्रस केन्द्रीय कार्यालयको आर्थिक सहयोगमा आयोजित कार्यक्रमको उद्घाटन शाखा सभापति वीरेन्द्रराज कँडेलले गरेका थिए। कार्यक्रममा रेडक्रस केन्द्रीय कार्यालयकी सरीता ढुङ्गाना, रेडक्रसका वीरशमशेर कुर्मी, दिनानाथ रौनियार, दयाशङ्कर सिंह, अभिलाष गुप्ता, लक्ष्मी राउत, सौरभराज पाण्डेयलगायतको सहभागिता थियो । कार्यक्रमको सहजीकरण सरीता लामाले गरेकी थिइन्।

# साइकलमा चम्किलो स्टिकर टाँस अभियान



तस्वीरः सौजन्य

प्रस, वीरगंज, १४ माघ/

वीरगंज युवा समाजको आयोजनामा ट्राफिक प्रहरीले आइतवार साँझ वीरगंज महानगर–१९ स्थित तिलावे पुलमा ट्राफिक सचेतना तथा साइकलमा प्रतिविम्बित स्टिकर टाँस्ने काम सम्पन्न गरेको छ ।

समाजका अध्यक्ष सञ्जीव थापाले ग्रामीण क्षेत्रमा अत्यधिक मात्रामा साइकलको प्रयोग हुने र अहिलेको मौसममा प्रतिविम्बित स्टिकर नहुँदा सवारी दुर्घटनाको सम्भावना देखिएकोले ९०० वटा साइकलमा स्टिकर टाँस गरिएको बताए । सो क्रममा जिल्ला ट्राफिक प्रहरी कार्यालय, पर्साका प्रहरी निरीक्षक लोकराज भट्टले भिडियो क्लिपमार्फत दुर्घटना न्यूनीकरणबारे चालकहरूलाई सचेत गराएका थिए ।

कार्यक्रममा समाजका उपाध्यक्ष सानु राणा, वप्रका बिर्ताका प्रहरी निरीक्षक निरोज चौलागाईं, श्रीपुरका प्रनि श्यामकुमार बस्नेत, पोखरियाका प्रनि स्वरूप शर्मा, दिलीपराज कार्की, विनोद धिमाल, अस्मिता गौतम, रोशन गुप्ता, मौसमी सुनुवार राणा, सरोज चौहानलगायतको सहभागिता थियो।

# बृहत्तर जनकपुरको निर्देशकमा पासवान

जनकपुर, १४ माघ/रासस

बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्ले बैधनाथ पासवानलाई चार वर्षका लागि कार्यकारी निर्देशक पदमा नियुक्त गरेको छ ।

विगत दुई वर्षदेखि रिक्त रहेको कार्यकारी निर्देशक पदमा खुला प्रतिस्पर्धाबाट चार वर्षे कार्यकालका लागि पासवानलाई नियुक्त गरिएको परिषद्ले जनाएको हो । परिषद्को ऐनको दफा १७ (१) बमोजिम चार वर्षका लागि पासवानलाई कार्यकारी निर्देशक नियुक्त गरिएको अध्यक्ष शीतल साहले जानकारी दिए ।

पासवान महोत्तरी जिल्ला महोत्तरी गाउँपालिका–१ सनुखरा निवासी हुन् । जनकपुरधामसहित महोत्तरी र मिथिला माध्यमिकी परिक्रमा क्षेत्रभित्रका सीमावर्ती विभिन्न पालिकाका धार्मिक सम्पदा, धरोहरहरूको संरक्षण संवर्द्धनका लागि संस्थापक काङ्ग्रेसका तत्कालीन नेता महेन्द्रनारायण निधिको नेतृत्वमा गठन भएको थियो ।

# सनलाइट माविमा वक्तृत्वकला प्रतियोगिता




तस्वीरः सौजन्य

प्रस, वीरगंज, १४ माघ/

स्टुडिफाई कन्सल्टेन्सीको आयोजनामा सनलाइन मावि वीरगंजमा वक्तृत्वकला प्रतियोगिता सम्पन्न भएको छ। वक्तृत्वकलामा कक्षा ११ का आठजना विद्यार्थी सहभागी थिए ।

प्रतियोगितामा प्रतिभा काफ्ले प्रथम, निशा कुमारी द्वितीय र सुरती सनी तृतीय भए । विजयी तीनैजनालाई क्रमशः तीन हजार, दुई हजार र एक हजार नगद, शिल्ड र प्रमाणपत्र वितरण गरिएको छ ।

विद्यालयका निर्देशक डिके चौरसियाको अध्यक्षतामा भएको कार्यक्रममा कन्सल्टेन्सीका निर्देशक समीम अहमदले विजयी विद्यार्थीहरूलाई पुरस्कृत गरेका थिए । कार्यक्रमको सहजीकरण रचना कर्णले गरेकी थिइन्।



**काभ्रे भीरमा गाडी गुड्दैः** कुनै समय बेनी–जोमसोम–कोरोला सडकखण्ड स्तरवृद्धि गर्दा काभ्रे भीरमा घण्टौंसम्म जाममा बस्नुपर्ने बाध्यता हट्दै । अहिले काभ्रे भीरलगायत प्रायः सबै स्थानमा सडक स्तरवृद्धि तथा कालोपत्रे भएपछि सहजरूपमा सवारीसाधन गुड्न थालेका छन् । तस्बिरः सुशीलबाबू थकाली/रासस

# नेप्से परिसूचक १० अङ्कले घट्यो

काठमाडौं, १४ माघ/रासस

नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक १० दशमलव ६१ अङ्कले घटेर सोमवार दुई हजार ६३३ दशमलव ३२ को बिन्दुमा कायम भएको छ ।

विभिन्न ३१२ कम्पनीका एक करोड ७२ लाख ५३ हजार ५७६ कित्ता शेयर ८७ हजार ५६४ पटक खरीद–बिक्री हुँदा रु आठ अर्ब ९२ करोड ४० लाख ६५ हजार ८८८ बराबरको कारोबार भएको छ ।

कारोबारमा बैंकिङ समूह शून्य दशमलव ५५, होटल तथा पर्यटन शून्य दशमलव ५१, लगानी शून्य दशमलव ७७, जीवन बीमा एक दशमलव १०, म्युचुअल फन्ड शून्य दशमलव ६४, निर्जीवन बीमा शून्य दशमलव ६७, व्यापार एक दशमलव ८३ र अन्य समूह एक दशमलव ६६ प्रतिशतले घटेका छन् । अरू सबै समूहका उपसूचक बढेका छन् ।

विकास बैंक समूह शून्य दशमलव ७२, वित्त तीन दशमलव ४६, जलविद्युत् शून्य दशमलव ३५, उत्पादन तथा प्रशोधन शून्य दशमलव ६७ र लघुवित्त शून्य दशमलव ०४ प्रतिशतले बढेका छन् ।

न्यादी हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा आज सकारात्मक सर्किट लागेको छ। सबैभन्दा धेरै घट्नेमा भने सप्तकोशी डेभलपमेन्ट लिमिटेडको शेयर मूल्य आठ दशमलव ४६ प्रतिशतले घटेको छ ।

कारोबार रकमका आधारमा आज सबैभन्दा धेरै सिन्धु विकास बैंक लिमिटेडको रु २९ करोड ८३ लाख ७९ हजार ८१३ बराबरको कारोबार भएको छ ।

कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने एनएमबी–५० को सबैभन्दा धेरै छ लाख ७५ हजार १५९ कित्ता शेयर किनबेच भएका छन् ।

# नून र मुटुरोगको सम्बन्ध

विचार



डा राजेन्द्र कोजु

**नून र मुटुरोगको समस्या समाधानका लागि व्यक्तिगत, सामाजिक र सरकारी तहमा सुधारात्मक कदम उठाउन आवश्यक छ। अन्य देशहरूमा जस्तै नेपालमा पनि नूनको मात्रा घटाउन खाद्य उद्योगलाई मापदण्ड अनुसार उत्पादन गर्न निर्देशन दिनुपर्ने देखिन्छ।**

नून हाम्रो भान्साको एउटा अपरिहार्य वस्तु हो। हामीले बिहानको नास्तादेखि खाना, दिउँसोको खाजा र साँझको खानामा नून प्रयोग गरेकै हुन्छौं। अझ भनौं नून हाम्रो जिब्रोको स्वाद हो, जसको अभावमा हामीले खाने भोजन स्वादिष्ट हुँदैन। नूनको अभावमा शरीरमा आलस्यता आउने मात्र होइन, स्वास्थ्यमा अनेक समस्या हुने गर्छ।

नून हाम्रो संस्कृतिसँग पनि जोडिएको छ। जूठो बार्दा र कतिपय पूजाआजामा अनिवार्य नून नखाने गरिन्छ। यसरी हाम्रो शरीरका लागि अपरिहार्य नून किन फेरि हानिकारक छ त भन्ने प्रश्न पनि उठ्ने गर्छ। मात्रा ठीक्क हुँदा ठीक, बेसी हुँदा हानिकारक हुने भएकोले नूनको प्रयोगमा ध्यान दिनुपर्छ। दैनिक कति नून हाम्रो शरीरका लागि आवश्यक हो त भन्ने कुरा व्यक्तिको जीवनशैली, ठाउँ र स्वास्थ्य अवस्थाले पनि केही फरक पार्न सक्छ। सामान्यतया दैनिक दुईदेखि तीन ग्रामसम्म नून (सोडियम) सेवन गर्नु उपयुक्त हुन्छ। बढीमा पाँच ग्राममा सीमित रहनेगरी खान सकिने भन्ने विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ)ले पनि भनेको छ।

**मुटुसँग सम्बन्ध**

नेपालमा नून सेवन र मुटुरोगको सम्बन्ध गम्भीर चिन्ताको विषय बनेको छ। आयोडिनयुक्त नूनले थाइराइडजस्ता रोग नियन्त्रण गर्न सहयोग पुऱ्याए पनि यसको अत्यधिक सेवनले मुटुरोगलाई निम्त्याउन सक्छ। यहाँका मानिसको जीवनशैली, खानपान र स्वास्थ्य शिक्षाको अभावका कारण नूनको अत्यधिक सेवन र यसको कारणले हुने मुटुरोगको समस्या बढ्दो क्रममा छ। हाम्रो स्वास्थ्यका लागि दुईदेखि तीन ग्राम उपयुक्त हुन्छ तर अधिकांश नेपालीले दैनिक पाँच ग्रामभन्दा धेरै नून सेवन गर्ने गर्छन्। विशेषगरी अचार, तिख्खर खानेकुरा तथा प्रशोधित खानेकुराहरू जस्तै लेज, कुरकुरे, चाउचाउ आदिमा उच्च मात्रामा नून हुन्छ। ग्रामीण क्षेत्रमा प्राकृतिक खानाको प्रयोग भएपनि शहरी क्षेत्रमा प्रशोधित खाना र फास्ट फूडको लोकप्रियताले नून सेवनको दर उच्च देखिएको छ।

नून र मुटुरोगबीचको सम्बन्ध धेरै अध्ययनहरूद्वारा पुष्टि भएको छ। नूनमा सोडियमको मात्रा धेरै हुन्छ। अत्यधिक सोडियमले शरीरमा पानी थुप्रिने (पानी धारण गर्ने) समस्या उत्पन्न गराउँछ, जसले गर्दा रक्तचाप बढ्छ। रक्तचापले मुटु र रक्तनलीहरूको स्वास्थ्यमा प्रतिकूल प्रभाव पार्न सक्छ। उच्च रक्तचाप (हाइपरटेन्सन) मुटुरोगको प्रमुख जोखिम कारक हो। नेपालमा हृदयरोग मृत्युको प्रमुख कारणमध्ये एक हो। उच्च रक्तचाप र यसका कारण मुटुरोग हुने



समस्या नेपालमा तीव्ररूपमा बढ्दै छ। डब्लुएचओका अनुसार नेपालमा लगभग ३० प्रतिशत वयस्क जनसङ्ख्या उच्च रक्तचापको जोखिममा छ।

लामो समयसम्म उच्च रक्तचाप रहिरहेमा मुटुको मांसपेशीमा अनावश्यक दबाब पर्छ। यसले मुटुको असामान्य कार्यक्षमता, हृदयाघात र स्ट्रोकजस्ता समस्या निम्त्याउन सक्छ। नूनको अत्यधिक सेवनले धमनीहरूलाई कडा (अथेरोस्क्लेरोसिस) बनाउँछ। यो प्रक्रियाले रक्तप्रवाहलाई अवरुद्ध गर्न सक्छ, जसले मुटुमा अक्सिजनको अभाव गराउँछ। धेरै नून सेवन गर्ने व्यक्तिहरूमा पानी र सोडियमको सन्तुलन बिग्रन सक्छ। यसले मुटुलाई काम गर्न कठिन बनाउँछ, जसले मुटुको विफलताको सम्भावना बढाउँछ। नेपालमा स्वास्थ्य मन्त्रालयले उच्च रक्तचाप र मुटुरोग नियन्त्रणका लागि केही कार्यक्रम र जनचेतनामूलक गतिविधि गर्दै आएको छ। नूनको उपभोग कम गर्ने रणनीति बनाउन डब्लुएचओले नेपाल सरकारसँग सहकार्य गरिरहेको छ।

**अन्य देशमा नूनको प्रयोग**

सामान्यतया अधिकांश देशमा औसत नून सेवन डब्लुएचओको सिफारिश (पाँच ग्राम प्रतिदिन)भन्दा धेरै उच्च छ। विकसित देशहरूले यसबारे धेरै सुधार गरेका छन्, तर विकासशील देशहरूमा अझै जनचेतना र नीतिगत हस्तक्षेप आवश्यक छ। ती देशहरूमा नूनको प्रयोग जनसङ्ख्या, संस्कृति, खानपान र जीवनशैलीका आधारमा फरक छ। विकसित देशहरूमा नून सेवनमा कमी ल्याउने प्रयास भइरहेको छ भने धेरै विकासशील देशहरूमा अझै नून सेवन चुनौतीपूर्ण रहेको छ।

विश्वका विकसित देशहरूमा नूनको प्रयोग कम गर्न राज्यस्तरबाटै पहल भएको पाइन्छ। अमेरिकी सरकारले नूनको प्रयोग कम गर्न जनचेतना अभियान र खाद्य उद्योगमा नयाँ मापदण्ड लागू गरिरहेको छ। ल्याटिन अमेरिकी मुलुकहरू ब्रजील, मेक्सिको, अर्जेन्टिनाजस्ता देशहरूमा औसत नून सेवन उच्च (८–११ ग्राम प्रतिदिन) छ। बेलायत, फिनल्यान्ड, डेनमार्कलगायत युरोपेली देशहरूमा नून सेवन कम गर्न ठूला अभियान सञ्चालन गरिएको छ। बेलायतमा नून सेवन कम गर्न पब्लिक हेल्थ इङ्गल्यान्डले खाद्य पदार्थ उत्पादकहरूलाई प्रशोधित खानामा नून घटाउन निर्देशन दिएको छ। फिनल्यान्डले १९७० को दशकदेखि 'लो–सोडियम खाना'को प्रवर्द्धन गरेर नून सेवनलाई ३० प्रतिशत कम गरेको छ। सरकारले जनचेतना र 'लो–सोडियम सोया सस'को प्रवर्द्धन गरेर सुधार गर्ने प्रयास गरेको छ।

छिमेकी मुलुक चीनमा औसत नून सेवन १०–१२ ग्राम प्रतिदिन रहेकोले त्यसलाई घटाउन सरकारले जनचेतना कार्यक्रम सञ्चालन गरेको छ। भारतीयहरूको औसत दैनिक नून सेवन ८–१० ग्राम छ। सरकारको ध्यान आयोडिनयुक्त नून प्रवर्द्धनमा केन्द्रित रहेकाले, नून कम गर्ने पहल भएको देखिंदैन। स्वास्थ्य शिक्षाको कमीले गर्दा अधिकांश अफ्रिकी देशमा नून सेवनको स्तर उच्च छ। भूटान, पाकिस्तान, अफगानिस्तान, श्रीलङ्काका ग्रामीण र शहरी क्षेत्रमा नूनको अत्यधिक प्रयोग देखिन्छ।

**कसरी स्वस्थ हुने त ?**

नून र मुटुरोगबीच के सम्बन्ध भन्नेबारे जनचेतना अभिवृद्धि गर्नु आवश्यक छ। प्रशोधित खाना जस्तैः चिप्स, तयारी खाना (जङ्क फूड), डिब्बामा बन्द गरिएका खाना आदिमा सोडियम धेरै हुने हुँदा यस्ता खानेकुराहरूबाट टाढै बस्नु उपयुक्त हुन्छ। नियमित व्यायाम, सन्तुलित आहार र तनाव व्यवस्थापनले मुटुरोगको जोखिम कम गर्न मदत गर्छ। यदि तपाईंमा मुटुरोग वा उच्च रक्तचापको इतिहास छ भने चिकित्सकसँग परामर्श गरेर नून सेवनको उचित सीमा निर्धारण गर्नु अत्यन्त महत्त्वपूर्ण छ।

घरमा खाना पकाउँदा नूनको मात्रा नियन्त्रण गर्नु र बाहिरका प्रशोधित खानेकुरा कम गर्नुपर्छ। यसका लागि धेरै किसिमका तरकारीको सट्टा एक वा दुई किसिमका तरकारी वा दाल प्रयोग गर्ने, सागपातहरूमा नूनको प्रयोग नगर्ने, एउटा तरकारीमा नून राखेमा अर्कोमा नराख्नेजस्ता तरीका प्रयोग गर्न सकिन्छ।

नियमित रक्तचाप जाँच गर्न र मुटुरोगको प्रारम्भिक उपचार सुनिश्चित गर्ने गरिएमा मुटुजन्य स्वास्थ्य समस्या आउन पाउँदैन। स्थानीय, ताजा र सन्तुलित खाना खाने बानी बसाल्नु, व्यायाम गर्नु र धूमपान तथा मद्यपान त्याग्नु जरुरी छ।

**निष्कर्ष**

नून र मुटुरोगको समस्या समाधानका लागि व्यक्तिगत, सामाजिक र सरकारी तहमा सुधारात्मक कदम उठाउन आवश्यक छ। अन्य देशहरूमा जस्तै नेपालमा पनि नूनको मात्रा घटाउन खाद्य उद्योगलाई मापदण्ड अनुसार उत्पादन गर्न निर्देशन दिनुपर्ने देखिन्छ। कम नून खाएर, स्वस्थ जीवनशैली अँगालेर र जनचेतना अभिवृद्धि गरेर यो समस्या नियन्त्रण गर्न सकिन्छ। बालबालिकाहरूलाई घरमा नूनको अधिक सेवनको बेफाइदाबारे जानकारी दिने र विद्यालयमा पनि तयारी खाना निषेध गर्ने तथा पाठ्यक्रमहरूमा यस सम्बन्धित विषयवस्तु समावेश गर्न आवश्यक छ।

'मुटुको कथा' पुस्तकका लेखक वरिष्ठ मुटुरोग विशेषज्ञ डा कोजुसँग गरिएको कुराकानीमा आधारित। रासस



**वैकुण्ठ तालः** चितवनको माडीमा रहेको ऐतिहासिक वैकुण्ठ ताल। यहाँ भगवान् श्रीरामले स्नान गरेको किंवदन्ती रहेको छ। यहाँ बाला चतुर्दशीमा विशेष मेला लाग्ने गर्छ। पछिल्लो समय यहाँ आन्तरिक तथा बाह्य पर्यटक एवं तीर्थयात्री आउने गरेको पाइन्छ। तस्बिरः सनद अधिकारी/रासस

## फरक समाचार

### स्मार्टफोन किन्दा कुन कुरामा ध्यान दिनुहुन्छ ?

नयाँ स्मार्टफोन किन्ने बेलामा तपाईंले कुन चिजलाई बढी महत्त्व दिनुहुन्छ। क्यामरा, ब्याट्री वा डिजाइन। एउटा अध्ययन अनुसार अधिकांश भारतीय




स्मार्टफोनको प्रोसेसरको परफर्मेन्सलाई बढी महत्त्वपूर्ण ठान्छन्। जुन मोबाइलमा दमदार प्रोसेसर लगाइएको छ। त्यही किन्न उनीहरू रुचि देखाउँछन्।

काउन्टर प्वाइन्ट रिसर्च रिपोर्ट अनुसार प्रोसेसरपछि ब्याट्री लाइफ, स्टोरेज क्षमता र क्यामराको क्वालिटीलाई स्थान दिन्छन्। वित्त वर्ष २०२४ को तेस्रो त्रैमासिकमा भारतमा स्मार्टफोन बजार युनिट भोल्युमको हिसाबले संसारको दोस्रो ठूलो बजार हो।

रिपोर्ट अनुसार राम्रो परफर्मेन्सको लागि उपभोक्ताहरू तीव्र प्रोसेसरप्रति बढी खर्च गर्न तयार छन्। सर्भेमा २८ प्रतिशत उत्तरदाताले प्रोसेसरको परफरमेन्सले नै डिभाइसको कुल परफर्मेन्समाथि सीधा प्रभाव पार्ने बताएका छन्।

रिपोर्ट अनुसार अतिरिक्त फिचर्सको लागि बढी खर्च गर्ने मामिलामा प्रोसेसर स्पीड शीर्ष स्थानमा छ, जसमा १६ प्रतिशत व्यक्तिले बढी खर्च गर्न तयार छन्। त्यसपछि ब्याट्री लाइफ (१३ प्रतिशत) र फाइभजी कनेक्टिभिटी (१२ प्रतिशत)को स्थान छ। सिनियर रिसर्च एनालिस्ट शिवानी परासरले भनिन्– स्मार्टफोन किन्ने समय प्रोसेसरको परफर्मेन्स मुख्य कारण बनेको छ। ८४ प्रतिशत उपभोक्ता स्मार्टफोनमा चिपसेटको भूमिकालाई बुझ्छन्।

चिपसेट कम्पनी अब साधारण कनेक्टिभिटीबाट अगाडि बढेर एआई पावर्ड प्रोसेसरमाथि ध्यानकेन्द्रित गरिरहेका छन्। जुन तीव्र र स्मार्ट अनुभव प्रदान गर्छ। सर्भेमा उपभोक्ताहरू क्वालकम, एक्सिनोस र मीडियाटेक जस्ता प्रमुख चिपसेट ब्रान्डबाट राम्ररी परिचित भइसकेका छन्।

### कागजको कपमा चिया पिउनुहुन्छ ?

कागजको कपमा चिया र कफी पिउँदा स्वास्थ्य र वातावरणको लागि हानिकारक हुन्छ। यसमा प्लास्टिक कोटिङ गरिएको हुन्छ र यो रसायन



पग्लिएर चियासँगै पुगेपछि क्यान्सर र हार्मोनल असन्तुलन निम्त्याउन सक्छ।

आजभोलि धेरै पसल तथा कार्यालयमा कागजको कपमा चिया र कफी पिउने गरिन्छ। प्रयोग गर्न सजिलो र सफा गर्ने झन्झट नहुँदा धेरै ठाउँमा कागजको कपमा चिया दिने गरिन्छ। तर कागजबाट बनाइएको यो कप स्वास्थ्यको लागि सुरक्षित हुँदैन।

हालै गरिएको अध्ययन अनुसार कागजको कप, कचौरामा प्लास्टिक वा मैनको पातलो लेयर राखिन्छ। यस्तो कपमा लामो समयदेखि पानी, चिया वा कफी खाएपछि हाम्रो स्वास्थ्यमा नराम्रो असर पर्छ। मैन तथा रसायनको यो कोटिङ तातो चिया, कफीसँगै पग्लिन्छ र हानिकारक रसायनको ससाना कण शरीरमा प्रवेश गर्छ।

वैज्ञानिकले गरेको अनुसन्धान अनुसार तातो पेय पदार्थ पेपरकपमा राख्दा माइक्रोप्लास्टिक र रसायनहरू निस्किन्छ। यी कणहरू लामो समयसम्म शरीरमा रहँदा क्यान्सर जस्ता गम्भीर रोगहरू निम्त्याउन सक्छन्। कागजको कपको कोटिङमा प्रयोग गरिएको रसायनले हार्मोनल असन्तुलन निम्त्याउँछ। यसले थाइराइड र प्रजनन क्षमतालाई असर गर्छ। कागजको कप वातावरणको लागि पनि हानिकारक हुन्छ। यो बायोडिग्रेडेबल हुँदैन र प्लास्टिकका कारण यो पुनः रिसाइकल गर्न गाऱ्हो हुन्छ।

टिओआईमा प्रकाशित एक अध्ययन अनुसार यदि तपाईं एक दिनमा तीन कप चिया वा कफी कागजको कपमा पिउनुहुन्छ भने तपाईंको शरीरमा हजारौं सूक्ष्म कण प्रवेश गर्छन्। यसले पाचन प्रणालीलाई हानि पुऱ्याउनुका साथै शरीरका अन्य अङ्गमा पनि नकारात्मक असर पार्न सक्छ। तसर्थ कार्यालयमा चिया सदैव स्टील वा काँचको कपमा पिउनुपर्छ। यो स्वास्थ्य र वातावरण दुवैको लागि उत्तम विकल्प हो।

कागजको कपको सट्टा पुनः प्रयोग हुने कपको प्रयोग गर्नुपर्छ। आजभोलि बायोडिग्रेइडेबल कप बजारमा उपलब्ध छन्। त्यसको प्रयोग गर्न सकिन्छ किनभने यो स्वास्थ्य र वातावरणको लागि सुरक्षित हुन्छ। तर यसको बढी प्रयोग गर्नु भनेको स्वास्थ्य र वातावरण दुवैको लागि खतरनाक हुन्छ। कागजको कपको सट्टा स्थायी र सुरक्षित विकल्प प्रयोग गर्नुपर्छ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# ट्रम्पको धम्कीपछि निर्वासित नागरिकलाई स्वीकार गर्न कोलम्बिया सहमत

वाशिङ्टन, १४ माघ/एएफपी

राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्नो सामूहिक निर्वासन योजनाको अवज्ञा गर्दा सजाय दिन पीडादायी शुल्क लगाउने धम्की दिएको केही घण्टापछि कोलम्बिया आइतवार अमेरिकी सैन्य विमानमा पठाइएको निर्वासित नागरिकहरूलाई स्वीकार गर्न सहमत भएको छ।

कोलम्बियाका वामपन्थी राष्ट्रपति गुस्ताभो पेत्रोले यस अघि नागरिक विमान जस्ता 'सम्मानजनक' माध्यमबाट मात्र नागरिकहरूलाई फिर्ता लिने बताएका थिए र निर्वासित कोलम्बियालीहरू बोकेका दुई अमेरिकी सैन्य विमानलाई फिर्ता पठाएका थिए।

कार्यालयमा आएको एक हप्ता नबित्दै ट्रम्पले रिसाउँदै ल्याटिन अमेरिकाको चौथो ठूलो अर्थतन्त्र कोलम्बियाविरुद्ध २५ प्रतिशतको प्रतिबन्ध लगाउने र छिट्टै ५० प्रतिशतसम्म बढाउने धम्की दिएका थिए।

पेत्रोले शुरूमा प्रतिकार गर्न खोजे र अमेरिकी उत्पादनहरूमा आफ्नै भन्सार महसूल लगाउने प्रयास गरे तर आइतवारको अन्त्यसम्म पछि हटे।

कोलम्बियाका विदेशमन्त्री लुइस गिल्बर्टो मुरिलोले मध्यरातको पत्रकार सम्मेलनमा आफ्नो देशले 'गतिरोध पार गरेको' र फर्केका नागरिकहरूलाई स्वीकार गर्ने बताए।

"कोलम्बिया संयुक्त राज्य अमेरिकाबाट फिर्ता गरिएका सबै गैरकानूनी कोलम्बियाली नागरिकलाई अमेरिकी सैन्य विमानसहित कुनै सीमा वा ढिलाइविना असीमित स्वीकृति दिन सहमत भएको छ"–ह्वाइट हाउसको विज्ञप्तिमा भनिएको छ–"आजको घटनाले अमेरिकालाई फेरि सम्मान गरिएको छ भन्ने विश्वलाई स्पष्ट पार्छ, राष्ट्रपति ट्रम्पले हाम्रो राष्ट्रको सार्वभौमिकताको दृढतापूर्वक रक्षा गर्नुहुनेछ र उहाँ विश्वका सबै राष्ट्रले संयुक्त राज्य अमेरिकामा गैरकानूनीरूपमा रहेका नागरिकहरूको निर्वासनमा पूर्ण सहयोग गर्ने अपेक्षा गर्नुहुन्छ।"

ट्रम्पले आफूले करको कार्यान्वयन स्थगित गर्ने बताएका छन्।

संयुक्त राज्य अमेरिकासँग मुक्त व्यापार सम्झौता गरेको र ऐतिहासिकरूपमा ल्याटिन अमेरिकामा वाशिङ्टनको सबैभन्दा नजीकको सहयोगी रहँदै आएको कोलम्बियामाथि ट्रम्पले यति छिटो भन्सार महसूल लगाउन सक्छन् भन्ने पहिले नै अस्पष्ट थियो।

**उपचारबारे चिन्ता**

आफ्नो चुनावी अभियानका क्रममा आप्रवासीहरूले संयुक्त राज्य अमेरिकाको 'रगत विषाक्त' पारिरहेका छन् भनेका ट्रम्पले कागजातविहीन मानिसहरूलाई पक्राउ गर्ने र तुरुन्त निर्वासित गर्ने वाचा गर्दै पदभार ग्रहण गरेका थिए।

ग्वाटेमालासहित केही देशले सैन्य निर्वासन उडानहरू स्वीकार गरेका छन्, तर ट्रम्पले सन् २०२२ मा कोलम्बियाको पहिलो वामपन्थी नेताका रूपमा निर्वाचित पूर्व छापामार पेत्रोको प्रतिरोधको सामना गर्नुपरेको थियो।

"संयुक्त राज्य अमेरिकाले कोलम्बियाका आप्रवासीहरूलाई अपराधीका रूपमा व्यवहार गर्न सक्दैन। म कोलम्बियाका आप्रवासीहरू बोकेको अमेरिकी विमानहरूलाई हाम्रो क्षेत्रमा प्रवेश गर्न निषेध गर्छु"–पेत्रोले पहिले एक्समा लेखेका थिए।

कोलम्बिया सरकारले पहिले आप्रवासीहरूलाई 'सम्मानका साथ' यातायात गर्न संयुक्त राज्य अमेरिकामा आफ्नो राष्ट्रपतिको विमान पठाउन तयार रहेको बताएको थियो।

पेत्रोले आफ्नो देशमा कागजात नभएका १५,६०० अमेरिकी बसोबास गरिरहेको बताए र उनीहरूलाई 'आफ्नो स्थिति नियमित गर्न' आग्रह गरे। उनले उनीहरूलाई पक्राउ गर्न र निर्वासन गर्न छापा मार्ने कुरा भने अस्वीकार गरे।

पेत्रोको प्रारम्भिक कडा रणनीतिले ऐतिहासिक अमेरिकी सहयोगीमा रहेका उनका धेरै आलोचकलाई क्रोधित बनायो।

पूर्व दक्षिणपन्थी राष्ट्रपति इभान डुकले पेत्रोलाई गैरकानूनी आप्रवासी फिर्ता लिने कोलम्बियाको 'नैतिक कर्तव्य' भनेको कुरालाई अस्वीकार गरेकोमा 'अत्यन्त गैरजिम्मेवार कार्य' भएको आरोप लगाए र अमेरिकी प्रतिबन्धले 'विशाल' क्षति पुऱ्याउने चेतावनी दिए।

**बाँधिएका हात र खुट्टा**

ट्रम्पको निर्वासन धम्कीले उनलाई ल्याटिन अमेरिकाका सरकारहरूसँग सम्भावित टकरावको स्थितिमा पुऱ्याएको छ, जुन संयुक्त राज्य अमेरिकाका अनुमानित एक करोड १० लाख कागजात नभएका आप्रवासीहरूको मूल थलो हो।

वामपन्थी राष्ट्रपतिको नेतृत्वमा रहेको ब्रजीलले शुक्रवार दर्जनौं ब्रजीलियाली आप्रवासीलाई फिर्ता पठाएको ट्रम्प प्रशासनले गरेको व्यवहारप्रति आक्रोश व्यक्त गरेको छ। रासस

# ओसाकाद्वारा एक्स्पो २०२५ अगाडि सडकमा धूमपान गर्न प्रतिबन्ध

टोकियो, १४ माघ/एएफपी

यस वर्षको विश्व एक्सपो अघि थप आगन्तुक–मैत्री बन्ने प्रयासको एक हिस्साका रूपमा जापानी शहर ओसाकाले सोमवार सार्वजनिक सडकहरूमा धूमपानमा प्रतिबन्ध लगाएको छ।

एक्सपो २०२५ मा लगभग १६० देश र क्षेत्रहरूले भाग लिइरहेका छन्। यो प्रत्येक पाँच वर्षमा विभिन्न विश्वव्यापी स्थानहरूमा आयोजित कार्यक्रमको नवीनतम संस्करण हो।

"विश्व एक्सपो अप्रिलमा शुरू हुँदैछ। हामी संसारभरका धेरै मानिसलाई स्वागत गर्न चाहन्छौं, त्यसैले हामी ओसाकालाई यस्तो शहर बनाउन चाहन्छौं जहाँ मानिस धूवाँमुक्त सडकमा सुरक्षित महसूस गरुन्"–मेयर हिदेयुकी योकोयामाले जनवरीको शुरूमा भनेका थिए।

सोमवार अघि ओसाका स्टेशन वरपरका क्षेत्रसहित छवटा क्षेत्रमा धूमपानमा प्रतिबन्ध लगाइएको थियो। यो सम्पूर्ण शहरमा विस्तार गरिएको छ र उल्लङ्घनकर्तालाई एक हजार येन (६.४० डलर) जरिवाना लाग्नेछ।

स्थानीय नियमहरूले पहिले नै जापानका धेरैजसो स्थानमा हिंड्दा धूमपान गर्न प्रतिबन्ध लगाएका छन् तर केही सांसदहरूको विरोधले कडा राष्ट्रिय कानून बन्न रोकेको छ।

अप्रिलदेखि विस्तृत ओसाका क्षेत्रले ३० वर्गमिटर (३२० वर्गफिट) भन्दा ठूलो बस्ने क्षेत्र भएका भोजनालयहरूमा धूमपान गर्न प्रतिबन्ध लगाउने छ। यद्यपि धूमपान कक्षजस्ता छुट्टै स्थानमा धूमपान गर्न अनुमति दिइएको छ।

हालको राष्ट्रिय कानूनले १०० वर्गमिटरभन्दा बढीको भोजन क्षेत्र भएका प्रतिष्ठानहरूमा धूमपान गर्न प्रतिबन्ध लगाउँछ। एक्सपो २०२५ ले ढिलो टिकट बिक्री र निर्माण बजेटमा सार्वजनिक चिन्ताका साथ सङ्घर्ष गरिरहेको छ।

छ महीने कार्यक्रमका लागि जनवरीको शुरूसम्म लगभग ७५ लाख टिकट बिक्री भएको थियो। यो आयोजकहरूको लक्ष्यको आधा हो।

टोकियो ओलम्पिकको तयारीका लागि सन् २०१८ मा राजधानीले सबै रेस्टुरामा धूमपान निषेध गरेको थियो। टोकियोका केही जिल्लामा बाहिर धूमपान गर्न अझै अनुमति छ। जापानको केन्द्रीय र स्थानीय सरकारहरूले चुरोट करबाट वार्षिक लगभग २० खर्ब येन (१३ अर्ब डलर) कमाउँछन्। विश्वको तेस्रो ठूलो सुर्तीजन्य कम्पनी जापान टोबाकोमा पनि राष्ट्रिय सरकारको एकतिहाई हिस्सा छ।

व्यापक विश्वव्यापी प्रवृत्तिसँगै जापानमा सुर्तीजन्य पदार्थको प्रयोग घट्दै गएको छ। सन् २०२३ मा धूमपान गर्नेहरूको अनुपात १५.७ प्रतिशत रहेको छ। रासस

# जेट इन्जिनमा चराको प्वाँखसँगै रगतको दाग भेटिएको दाबी

सियोल, १४ माघ/एएफपी

गत डिसेम्बरमा दुर्घटनाग्रस्त भएको जेजु एयरको विमानको दुवै इन्जिनमा चराको प्वाँख र रगतको दाग फेला परेको सोमवार सार्वजनिक भएको प्रारम्भिक अनुसन्धानले देखाएको छ।

गत डिसेम्बर २९ मा थाइल्यान्डबाट दक्षिण कोरियाको मुआनका लागि उडेको बोइङ ७३७–८०० विमानमा चालक दलका सदस्यसहित १८१ जना यात्रु सवार थिए।

दुर्घटनाग्रस्त उक्त विमानमा सवार १७९ जनाको मृत्यु भएको थियो भने दुईजनालाई सख्त घाइते अवस्थामा उद्धार गरिएको थियो। यो दक्षिण कोरियाली भूमिमा भएको सबैभन्दा खराब हवाई दुर्घटना थियो।

दक्षिण कोरियाली र अमेरिकी अन्वेषकहरूले अझै पनि दुर्घटनाको कारणबारे अनुसन्धान गरिरहेका छन्, चराको आक्रमण, खराब अवतरण गियर र रनवे अवरोधलाई सम्भावित समस्याको रूपमा परीक्षण गरिएको छ।

दुर्घटनास्थलबाट बरामद गरिएका दुवै इन्जिनको निरीक्षण गरिएको र दुवै इन्जिनमा चराको रगतको धब्बा र प्वाँख फेला परेको प्रतिवेदनमा उल्लेख छ।

"चालकले धावनमार्ग ०१ नजीक आइपुग्दा चराहरूको एक समूह पहिचान भएको जनाएको र सुरक्षा क्यामेराले एचएल ८०८८ लाई चराहरूको समूहको नजीक आउँदै गरेको भिडियो खिचेको भेटिएको छ"–जेटको दर्ता नम्बर उल्लेख गर्दै रिपोर्टमा भनिएको छ।

विमान दुर्घटना हुनु अघिका क्षणमा इन्जिनले काम गर्न छोडेको थियो वा थिएन भन्नेबारे भने केही बताइएको छैन।

डिएनए विश्लेषणले प्वाँख र रगत साइबेरियाबाट जाडो याममा कोरिया आउने बैकाल गैरी (बैकल टिल्स) नामक प्रवासी चराहरूको रहेको हुन सक्ने बताएको छ।

रिपोर्टमा ककपिट भ्वाइस रेकर्डर र फ्लाइट डाटा रेकर्डर दुवैले विपत्तिको चार मिनेट अघि नै काम गर्न छोडेको भेटिएको उल्लेख गरिएको छ।

विमानमा मुख्य चालक(क्याप्टेन) को ६,८०० घण्टाभन्दा बढी उडान गरेको र सहायक चालकले १,६५० घण्टाभन्दा बढी उडान गरेको अनुभव थियो। दुर्घटनामा दुवैको मृत्यु भएको थियो भने दुईजना परिचारिका मात्र बाँचेका थिए।

जेजु विमान अवतरणका क्रममा कङ्क्रिटको तटबन्धमा ठोकिंदा आगोको ज्वालासहित विस्फोट भएको थियो, जसले धावनमार्गको अन्त्यमा किन यस्तो प्रकारको अवरोध राखिएको थियो भन्ने प्रश्न खडा गरेको छ।

गत हप्ता अधिकारीहरूले राष्ट्रभरिका विमानस्थलहरूमा यस्ता कङ्क्रिटका अवरोधहरू सजिलै तोड्न सकिने अन्य संरचनाहरूद्वारा प्रतिस्थापन गर्ने बताएका थिए। रासस



**नेपालमैं पहलोपटक राशन कार्ड र राशन वितरण गरिंदैः** मोरङको पथरी शनिश्चरे नगरपालिका–२ ले विपन्न परिवार छनोट गरी राशन र राशन कार्ड वितरण गर्न शुरू गरिंदै। वडाले माघ महीनाबाट वडाका २० विपन्न परिवारलाई छनोट गरी राहत वितरण शुरू गरेको वडाध्यक्ष नैना राईले बताएका छन्। तस्बिरः गोपाल काफ्ले/रासस

# राष्ट्रिय सहकारी नियमन प्राधिकरणको उद्घाटन

काठमाडौं, १४ माघ/रासस

सरकारले हालै सहकारी ऐन, २०७४ संशोधन गर्न जारी गरेको अध्यादेशबमोजिम राष्ट्रिय सहकारी नियमन प्राधिकरणको उद्घाटन गरिएको छ।

साबिकको राष्ट्रिय सहकारी विकास बोर्डको पुल्चोकस्थित भवनमा सोमवार आयोजित कार्यक्रममा भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारणमन्त्री बलराम अधिकारीले प्राधिकरणको कार्यालय विधिवत्‌रूपमा उद्घाटन गरेका हुन्।

कार्यक्रममा मन्त्री अधिकारीले प्राधिकरणका अध्यक्ष र सदस्यहरूलाई शपथ पनि गराएका थिए।

सो कार्यक्रमलाई सम्बोधन गर्दै उनले सहकारीमा भएको अनियमितताको माथिदेखि तलसम्मको छानबीन गरी प्राधिकरणले काम गर्ने बताए। ऋण असुली न्यायाधीकरण, सूचना केन्द्र र कोष पनि चाँडै स्थापना हुने मन्त्री अधिकारीको प्रतिबद्धता छ। ऐनमा भएको संशोधन अब दृढताका साथ कार्यान्वयन गर्न पनि उनले प्राधिकरणका पदाधिकारी एवं कर्मचारीलाई निर्देशन दिए।

सहकारी क्षेत्रमा नमिलेका ऐन, कानून संशोधन गरी दुई वर्षभित्रमा यस क्षेत्रमा देखिएका सबै समस्या समाधान गरेर अघि बढ्ने प्रतिबद्धता पनि मन्त्री अधिकारीले व्यक्त गरेका थिए। भूमिसम्बन्धी समस्या समाधानका लागि भूमि र नापी ऐन पनि संशोधन गर्न गृहकार्य भइरहेको उनले बताए।

प्राधिकरणका अध्यक्ष एवं मन्त्रालयका सचिव अर्जुनप्रसाद पोखरेलले सरकारको यही माघ ७ गतेको निर्णय अनुसार आफू अध्यक्ष भएको उल्लेख गर्दै एक हप्तामैं कार्यालय स्थापनासहित उद्घाटन गर्न सकिएको बताए। सहकारी क्षेत्रमा आइपरेका अप्ठ्याराबाट नडराइ समस्या समाधान गर्दै जाने उनको भनाइ छ।

देशको समृद्धिका लागि सहकारी अर्थतन्त्रको विकल्प नभएको उल्लेख गर्दै उनले यस क्षेत्रमा देखिएका समस्या समाधान गर्ने विकल्पमा सरकार अघि बढेको बताए। पूँजीबाट रोजगार सिर्जना गर्नेगरी सहकारी अभियानलाई अघि बढाउन लागिएको जानकारी पनि अध्यक्ष पोखरेलले गराए। प्राधिकरणले देशभर खुलेका करीब ३४ हजार सहकारीमा भौतिकरूपमा पुग्न नसके पनि पाइला, आँखा र नजर पुग्नेगरी काम गर्ने प्रतिबद्धता उनको थियो।

राष्ट्रिय सहकारी महासङ्घ लिमिटेडकी अध्यक्ष ओमदेवी मल्लले सहकारी क्षेत्रमा यस अघि बनेका ऐन, कानून कार्यान्वयन नभएको बताइन्। उनले हाल प्राधिकरण स्थापना गर्नुपर्ने गरी सहकारी क्षेत्रमा समस्या आएकाले अब कानूनको कार्यान्वयन गर्न माग गरिन्। देशभर ३८ वटा डिभिजन सहकारी कार्यालय हुँदा प्रत्येक सहकारीले मासिकरूपमा प्रतिवेदन बुझाउने गरेको उल्लेख गर्दै उनले डिभिजन कार्यालयलाई राज्य पुनर्संरचनाका क्रममा हटाइँदा अहिले समस्या आएको बताइन्।

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी सङ्घ (नेफ्स्कुन)का अध्यक्ष चन्द्रप्रसाद ढकालले अध्यादेशबाट सहकारी ऐन, २०७४ मा गरिएको संशोधन पूर्णरूपमा कार्यान्वयन गर्न माग गरे। प्राधिकरणमा जिल्ला न्यायाधीशको अधिकारसरहको व्यवस्था गरिएकाले त्यसको सहीरूपमा कार्यान्वयन गरी यस क्षेत्रमा देखिएका समस्या समाधान गर्नुपर्ने उनको भनाइ थियो। प्राधिकरण सञ्चालक समितिको पहिलो बैठक आजै बस्ने जानकारी सो अवसरमा दिइएको थियो।


## मोटरसाइकल चोरी भएको सूचना

चेसिस नं MBLJAW097N9J00277, इन्जिन नं JA05EGN9J00287 भएको म.प्र. ०३–०३१प ५४१४ (लु.९१ प ३८१६) नम्बरको हिरो कम्पनीको १२५ सिसीको खैरो–कालो रङ्गको सुपर स्प्लेन्डर टिएल मोटरसाइकल २०८१/१०/१२ गते दिउँसो करीब ४:०० बजेको समयमा छिपहरमाई गाउँपालिकाको भिस्वा बजारस्थित पसल अगाडि पार्किङ गरेको अवस्थामा चोरी भएकोले फेला पार्नुहुने महानुभावले नजीकैको प्रहरी कार्यालय वा मोबाइल नं. ९८१११४०२९७ मा खबर गरिदिनुभएमा उचित पुरस्कार दिइनेछ।

- जीतेन्द्रप्रसाद गुप्ता
छिपहरमाई गाउँपालिका-६, भिस्वा

## मोटरसाइकल चोरी भएको सूचना

चेसिस नं MBLJAW098M9G10655, इन्जिन नं JA05EGM9G00683 भएको प्र.२–०३–०१८ प ४८१० नम्बरको हिरो कम्पनीको १२४.७ सिसीको कालो रङ्गको सुपरस्प्लेन्डर (सन् २०२१) मोटरसाइकल २०८१/०९/२९ गते साँझ अन्दाजी ६:३० बजेको समयमा वीरगंज महानगर पालिका–१३ राधेमाईटोल, राधेमाई मन्दिरको दक्षिणतर्फ गली बाटोमा पार्किङ गरेको अवस्थामा चोरी भएकोले फेला पार्नुहुने महानुभावले नजीकैको प्रहरी कार्यालय वा मोबाइल नं. ९८०२९४८८८४ मा खबर गरिदिनुभएमा उचित पुरस्कार दिइनेछ।

मनोज ग्यास उद्योग प्रालि
परवानीपुर, पर्सा

## कम्पनीको नाम परिवर्तनबारे सूचना

*प्रथमपटक प्रकाशित मितिः २०८१/१०/१५ गते*

यस कम्पनीको मिति २०८१/०८/११ मा सम्पन्न वार्षिक विशेष साधारणसभाको निर्णय अनुसार साबिकको कम्पनी सिटी पब्लिक कलेज प्रा.लि. (प्रा.लि. नं ७३१०१) को नाममा रहेको सम्पूर्ण चल–अचल सम्पत्ति तथा तिर्नु, बेहोर्नुपर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने बेहोर्ने गरी कम्पनी रजिस्टारको कार्यालयको मिति २०८१/१०/०८ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी सिटी स्कूल (City School Pvt. Ltd.) कायम गरिएको जानकारी गराइन्छ।


## आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | उदरपीडा | वृष | विजय |
| मिथुन | धनलाभ | कर्कट | भाग्योदय |
| सिंह | बेचैनी | कन्या | मनोरञ्जन |
| तुला | कर्मप्राप्ति | वृश्चिक | प्रगति |
| धनु | वादविवाद | मकर | यात्रालाभ |
| कुम्भ | कडापरिश्रम | मीन | ज्ञानोदय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।

बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

जि.प्र.का. पर्सा द.नं. १२/२०५३/५४ प्रतीक जि. हु. का. पर्सा द. नं. १८२/२०८१/८२

# निजगढ सामुदायिक अस्पतालको साधारण सम्पन्न

प्रस, निजगढ, १४ माघ/

निजगढ सामुदायिक अस्पतालको



२७औं वार्षिक साधारणसभा सम्पन्न भएको छ। कार्यक्रममा बारा क्षेत्र नं १ का सांसद अच्युत मैनालीले समुदायमा आधारित प्रस्तुतिगृहसँगै निजगढ अस्पतालको विकासका लागि सबै पक्ष मिलेर अघि बढ्नुपर्ने बताए।

अस्पताल निर्माण र सञ्चालनले दैनिक धेरैले आफ्नै ठाउँमा गुणस्तरीय उपचार पाउने वातावरण सिर्जना भएको भन्दै जग्गादाताहरू राजमान श्रेष्ठ, प्रेम नारायण श्रेष्ठ, हीरालाल श्रेष्ठको सांसद मैनालीले खुलेर प्रशंसा गरे।

सर्वसुलभ मूल्यमा गुणस्तरीय उपचार सेवा पाउन सके अझै यस अस्पतालमा बिरामीको चाप बढ्ने र निजगढले आर्थिक विकासमा फड्को मार्ने बताउँदै आर्थिक अवस्था कमजोर रहेर पनि अढाई दशक पार गरिसकेको यो अस्पताल निजगढको गौरवका रूपमा स्थापित भइसकेकोले यसको स्तरोन्नति र विकासका लागि समग्र निजगढवासीले सकारात्मक भूमिका निर्वाह गर्नुपर्ने नेता मैनालीले बताए।

कार्यक्रममा निजगढ नपाका प्रमुख सुरथ पुरी, पूर्वनगरप्रमुख सुरेशकुमार खनाल, उपप्रमुख सोममाया थिङ, पूर्वउपप्रमुख लीलादेवी लामिछाने, संस्थाका संस्थापक अध्यक्ष एकबहादुर श्रेष्ठ, वडाध्यक्ष रामचन्द्र कटुवाल, समाजसेवी शम्भु बुढाथोकीलगायतले मन्तव्य व्यक्त गरेका थिए।

स्वागत संस्थाकी उपाध्यक्ष सावित्री भारतीले गरेकी थिइन्। संस्थाका अध्यक्ष माधव न्यौपानेको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन भाइकाजी श्रेष्ठले गरेका थिए।

# चुरे तथा वनजङ्गल संरक्षण अभियान नेपाल बागमती प्रदेश समिति गठन

प्रस, निजगढ, १४ माघ/

चुरे तथा वनजङ्गल संरक्षण अभियान नेपालको बागमती प्रदेशस्तरीय सात सदस्यीय समिति गठन भएको छ। सो समितिका संयोजकमा नीरा तिमल्सिना, सदस्यहरू कविता गुरुङ, लक्ष्मी बस्नेत, सानु शर्मा, सुधा तिमल्सिना, सञ्जीव श्रेष्ठ, मधुरा दाहाल रहेका छन्। चुरे तथा वनजङ्गल संरक्षण अभियान, नेपालका केन्द्रीय अध्यक्ष सुनील यादवको प्रमुख आतिथ्यमा आइतवार काठमाडौंमा भेला भई सो समिति गठन भएको जनाएको छ।

चुरे, खोला नालामा भई रहेको जथाभावी नदीजन्य पदार्थको उत्खनन, दोहनका साथै वनजङ्गल क्षेत्र जथाभावी कटान, अतिक्रमण, चोरी, तस्करीका कारण तराई-मधेसमा पानीको हाहाकार हुने गरेको, श्रीसिया नदीमा उद्योगहरूबाट निस्किएका रसायनयुक्त हानिकारक पदार्थ नदीमा मिसाइएका कारण प्राकृतिक वातावरण, मानवलगायत अन्य प्राणी, जीवजन्तुहरूलाई असर परिरहेको जनाउँदै राष्ट्रियस्तरका विरोध कार्यक्रमहरू विगत करीब सात वर्षदेखि निरन्तर चलाउँदै आइरहेका छन्।


सबैलाई शिक्षा प्राप्त गर्ने अवसर प्रदान गरौं

- शिक्षा प्रत्येक बालबालिकाको अधिकार हो, यसलाई सुनिश्चित गरौं,
- सबै बालबालिकालाई विद्यालयमा पुऱ्याऔं,
- प्रौढ शिक्षा, अनौपचारिक शिक्षामार्फत सबैलाई साक्षर बनाऔं,
- शिक्षामा आधुनिक प्रविधिको प्रयोग गरौं,
- शिक्षामा लैङ्गिक समानता सुनिश्चित गरौं,
- प्राविधिक र व्यावसायिक शिक्षालाई जोड दिऔं,
- शिक्षामा सबैको सहभागिता सुनिश्चित गरी सभ्य समाजको निर्माण गरौं,
- साक्षरता कार्यक्रम सञ्चालन गरौं, साक्षर नेपाल निर्माण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड







## ल्होसारको अवसरमा रामनगरमा महोत्सव

प्रस, वीरगंज, १४ माघ/

२८६१औं ल्होसार पर्वको अवसरमा नेपाल तामाङ घेदुङ वडा कार्यसमिति, सम्तेङ लिङ गुम्बा र रामनगर युथ क्लबको संयुक्त आयोजनामा सोमवारदेखि बाराको जीतपुरसिमरा उपमहानगर-१७ रामनगरमा प्रथम रामनगर सोनाम ल्होसार महोत्सव शुरू भएको छ।

महोत्सवको जीतपुरसिमरा उपमहानगरपालिकाका प्रमुख राजन पौडेलले उद्घाटन गर्दै धर्म, संस्कृति र परम्पराले देशकै पहिचान र गौरव बढाउने बताए।

कार्यक्रममा वडाध्यक्ष भीमबहादुर लामा, पूर्ववडाध्यक्ष नवराजबहादुर खड्का, समाजसेवी श्रीकाजी मोक्तान, नेपाल तामाङ घेदुङ सङ्घ बाराका अध्यक्ष सूर्य घलान, कोल्हवी नगरपालिकाका वडाध्यक्ष अनुप सुवेदी, पूर्ववडाध्यक्ष सार्थक पौडेललगायतले शुभकामना व्यक्त गरेका थिए।

उद्घाटन समारोहमा विभिन्न विद्यालयका विद्यार्थीहरूले विभिन्न कला, नृत्य र तामाङ जातिको सांस्कृतिक र परम्परा झल्किने झाँकीहरू प्रदर्शन गरेका थिए।

महोत्सवमा व्यापारिक स्टलहरू मनोरञ्जनका लागि विभिन्न खेलतमाशा, बाल उद्यानहरू राखिएको संयोजक साजन दोङले बताए। महोत्सव एक साता माघ २० गतेसम्म सञ्चालन हुनेछ। ल्होसार माघ १७ गते परेको छ र सरकारले सो दिन सार्वजनिक बिदा घोषणा गरेको छ।

## स्वास्थ्य बीमा रकम पाँच लाख पुऱ्याइने

भक्तपुर, १४ माघ/रासस

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले रु एक लाखको स्वास्थ्य बीमा रकम वृद्धि गरी पाँच लाख पुऱ्याइने बताएका छन्।

मन्त्री पौडेलले भने–"स्वास्थ्य बीमामा रु पाँच लाखको व्यवस्था गर्नेछु, त्यसले बिरामीलाई सहयोग हुनेछ।" उनले एकीकृत र एकद्वार प्रणालीबाट मात्रै बीमा सेवा सञ्चालन गर्नुपर्ने कुरामा जोड दिए।

बीमा रकम रु पाँच लाख पुऱ्याउने र यसलाई व्यवस्थित गर्ने लक्ष्य लिएर आफू अगाडि बढिरहेको उनले बताए।

# खेलकूदको संसार

## एनआई कप: बिजनेश कलेज विजयी

प्रस, परवानीपुर, १४ माघ/



नारायणी क्रिकेट मैदान वीरगंजमा सञ्चालित नेशनल इन्फोटेक कप क्रिकेट प्रतियोगिता अन्तर्गत सोमवार भएको खेलमा ग्लोबल बिजनेश कलेजले हेटौंडा स्कूल अफ म्यानेजमेन्टलाई १११ रन अन्तरले पराजित गरेको छ।

पहिला ब्याटिङ गर्दै ग्लोबल बिजनेशले निर्धारित २० ओभरमा छ विकेट गुमाएर १७७ रन बनाएको थियो। ग्लोबलका रवीन्द्र कुँवरले ११६ र सुशील स्वर्णकारले १४ रन बनाएका थिए। हेटौंडाका कुशल दुलालले दुई र प्राणञ्जल उपाध्यायले एक विकेट लिए।

१७८ रनको विजयी लक्ष्यसहित मैदानमा उत्रेको हेटौंडा स्कूल अफ म्यानेजमेन्टले २० ओभरमा नौ विकेट गुमाएर ६६ रनमा सीमित भयो। हेटौंडाका सृजन अधिकारी १५ र भुपेन्द्र यादवले १० रन बनाए। ग्लोबल बिजनेशका रोशन यादवले तीन र आदर्श भण्डारीले दुई विकेट लिए।

यस खेलको 'म्यान अफ दी म्याच' ग्लोबलका रवीन्द्र कुँवर घोषित भए।

## नवजनजागृति क्लब सिमरा मधेस प्रदेश लिग विजेता

प्रस, वीरगंज, १४ माघ/

नवजनजागृति युवा क्लब सिमरा, मधेस प्रदेश च्याम्पियन बनेको छ। योसँगै एन्फा प्रेसिडेन्ट लिगका लागि पनि छनोट भएको छ।



महोत्तरीको जलेश्वर रङ्गशालामा आइतवार सम्पन्न मधेस प्रदेश लिगको फाइनलमा प्रोग्रेसिभ युवा क्लब सप्तरीलाई शून्यका विरुद्ध दुई गोल अन्तरले पराजित गर्दै नवजनजागृति युवा क्लब सिमरा मधेस प्रदेश लिग च्याम्पियन भएको हो।

क्लबका विक्रम थोकर र अञ्जन बछारले एक/एक गोल गरेका थिए। प्रतियोगिताको विजेता बन्दै सो क्लबले ५० हजार र उपविजेता सप्तरीले २५ हजार नगदसहित शिल्ड, प्रमाणपत्र, मेडल पाएको छ। मधेस प्रदेश लिग विजेता बनेसँगै नवजनजागृति युवा क्लबले आगामी चैतमा हुने एन्फा प्रेसिडेन्ट लिगमा मधेस प्रदेशको प्रतिनिधित्व गर्ने भएको छ।

## सङ्कटा फूटबल क्लब सभापति कपको फाइनलमा

काठमाडौं, १४ माघ/रासस

मच्छिन्द्र फूटबल क्लबलाई पराजित गर्दै सङ्कटा फूटबल क्लब सभापति कप फूटबल प्रतियोगिताको फाइनलमा पुगेको छ। त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा सोमवार सम्पन्न सेमिफाइनल खेलमा सङ्कटाले मच्छिन्द्रलाई सडनडेथमा ८-७ गोलले पराजित गर्दै प्रतियोगिताको फाइनलमा पुगेको हो।

खेलको निर्धारित ९०औं मिनेटमा खेल गोलरहित बराबरीमा समाप्त भएपछि खेल पेनाल्टी सुटआउटमा गएको थियो। सडनडेथमा सङ्कटाका राम थापा, सुजन क्षेत्री, सन्तोष खत्री, साम कालोस, दीप कार्की, अबेक रिचर्ड, रोशन पहारी र बोयटेङ इमानुवेलले गोल गरे। चन्दन दासको पेनाल्टी मच्छिन्द्रका गोलकीपर प्रदीप भण्डारीले बचाए।

त्यस्तै, मच्छिन्द्रका समीरराज थोकर, दिवाकर चौधरी, सनिश श्रेष्ठ, ओमोलाजा करिम, देवेन्द्र तामाङ, छिरिङ गुरुङ, विमल घर्तीमगरले गोल गरे। तर आयुष घलानको प्रहार दीप कार्कीले रोके भने दयानन्द सिंहको प्रहार गोलपोस्टबाट बाहिरियो। नेपाली काङ्ग्रेसको भ्रातृ संस्था नेपाल लोकतान्त्रिक खेलकूद सङ्घ महाधिवेशन निर्देशन समितिको आयोजनामा भएको उक्त प्रतियोगिताको उपाधि विजेताले रु २६ लाख तथा उपविजेताले रु १३ लाख पाउनेछन्।

## नेपाल कबड्डी लिग : जनकपुर नाइट्स फाइनलमा

काठमाडौं, १४ माघ/रासस

जनकपुर नाइट्स नेपाल कबड्डी लिगको फाइनलमा पुगेको छ। त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) कभर्डहलमा सोमावार भएको पहिलो क्वालिफायरमा जनकपुरले विराटनगर ब्यान्डिट्सलाई ३४-३२ ले पराजित गर्दै फाइनलमा पुगेको हो। योसँगै विराटनगरले फाइनल प्रवेश गर्न दोस्रो क्वालिफायर खेल्नेछ। उसले इलिमिनेटरको विजेतासँग खेल्ने भएको हो। इलिमिनेटरमा काठमान्डु माभरिक्स र हिमालयन रेइडर्सबीचको विजेतासँग खेल्नेछ।

जनकपुरले खेलभर रेडमा १५, ट्याकलमा १३, दुई अलआउटमा चार र बोनसमा दुई अङ्क जोड्यो। विराटनगरले भने रेडमा आठ, ट्याकलमा १०, एक अलआउटमा दुई र बोनसमा १२ अङ्क जोड्यो। पहिलो हाफमै जनकपुरले ११ अङ्कको अग्रता लिएको थियो।

जनकपुर बोनसबाहेक अन्य सबै पक्षमा अब्बल रह्यो। रेडमा ११, ट्याकलमा छ र दुई अलआउटमा चार अङ्क जोडेको थियो। बोनसमा भने दुई अङ्क मात्रै थप्न सक्यो। विराटनगरले भने रेड र ट्याकलमा समान तीन अङ्क जोड्यो। बोनसमा भने छ अङ्क बटुल्दै खेल २३-१२ मा सक्काएको थियो।

दोस्रो हाफमा भने विराटनगरले उत्कृष्ट पुनरागमन गरेको थियो। अन्तिम दुई मिनेट सम्हालिन नसक्दा जनकपुर खेलमा फर्कियो। उसले चार ट्याकल र एक रेडमा तीन अङ्क थप्दै खेल ३३-३० मा पुऱ्यायो।

जनकपुरले दोस्रो हाफमा कुल ११ अङ्क जोड्यो। विराटनगरले त्योभन्दा नौ अङ्क बढी ल्याए पनि जीत हात पार्न सकेन। जनकपुरले यो हाफमा रेडबाट तीन, ट्याकलबाट सात र बोनसबाट एक अङ्क हात पारेको थियो। विराटनगरले भने रेडमा पाँच, ट्याकलमा सात, एक अलआउटमा दुई र बोनसमा छ अङ्क बटुल्यो।

## एन्फा महिला लिग फूटबल: पुलिसले आर्मीलाई हराउँदै फाइनलमा

काठमाडौं, १४ माघ/रासस

एन्फा महिला लिगको अन्तिम चरणको दोस्रो क्वालिफायर खेलमा नेपाल पुलिस क्लब त्रिभुवन आर्मी क्लबलाई पराजित गर्दै फाइनलमा प्रवेश गरेको छ। सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा सोमवार भएको खेलमा नेपाल पुलिस क्लब त्रिभुवन आर्मी क्लबलाई टाइब्रेकरमा २-१ गोलले पराजित गर्दै फाइनलमा प्रवेश गरेको हो।

खेलको निर्धारित ९० मिनेटको समयमा गोलरहित बराबरीमा खेल सकिएपछि खेल ३० मिनेटको अतिरिक्त समयतर्फ धकेलिएको थियो। त्यसपछि अतिरिक्त समयमा पनि दुवै टोलीले गोल गर्न सकेनन् र अन्ततः खेल टाइब्रेकरमा पुगेको हो।

पुलिसको जीतमा गोलकीपर उषा नाथ नायक बनिन्। उनले आर्मीको तीन पेनाल्टी प्रहार रोक्दा एक गोल गरिन्। टाइब्रेकरमा पुलिसका लागि गोलकीपर उषा नाथ र बिर्सना चौधरीले गोल गर्दै टीमलाई जीत दिलाए। सम्झना लावती, समीक्षा घिमिरे र नीरू थापाको प्रहारलाई आर्मीकी कीपर अञ्जना रानामगरले बचाइन्।

आर्मीका लागि अञ्जनाले मात्र गोल गरिन्। चन्द्रा भण्डारी, अनीता लम्जेल र विमला विकको प्रहारलाई कीपर उषाले रोकिन्। विमला चौधरीको प्रहार भने बाहिरिएको थियो। यससँगै पुलिसले एपिएफ क्लबसँग यही माघ १६ गते उपाधिका लागि खेल्नेछ।